# भरमाउने आत्माहरु

सुभ प्रभात, मित्रहरु। आज बिहान यहाँ हुन पाउँदा खुसी छु, र तपाईहरु सबैलाई बाहिर देखेर, विश्वास गर्दै कि प्रभु आज हामीहरुसँग हुनुहुन्छ, हामीलाई केहि सानो छाँया दिदै, ताकी बिहानीको सेवाको लागि यहाँ मण्डलीमा यति गर्मी हुनेछैन। र अब हामी...

2 म विश्वास गर्छु, त्यहाँ बच्चाहरु छन्...के बच्चाहरुलाई तिनीहरुको कक्षाबाट निकालियो, भाई नेभिल? मैले केहि साना साथीहरुलाई देखे, र मैले सोचे कि यदि तिनीहरुले कक्षाहरु तिनीहरु—तिनीहरुको अर्को ठाउँमा रोके, तिनीहरुको आईतबारे विद्यालयको कोठामा।

3 अब, मेरो निम्ति प्रार्थना गर्नुहोस्। मसँग ठूलो निर्णय छ जुन मैले गत राती लिन पर्ने थियो, र मैले यो आज बनाउन पर्नेछ। र मण्डलीले प्रार्थना गर्नुभएको होस्। मसँग एउटा—मसँग आउदै गरेको अर्को सभा छ, जुन ठिक जर्मनीमा फलामको पर्दाको रेखामा छ, र त्यसैले यो अलिकति आकर्षक छ। र मेरो निम्ति प्रार्थना गर्नुहोस्। र त्यसैले, यो, हामीले ठिक त्यहाँ जर्मनीमा रहेको ठूलो क्रिकेट स्टेडियममा शुरू गर्न सक्छौ, जुन ठिक युद्धभन्दा आगाडि हिटलरले बनाएका थिए, राम्रो ठूलो ठाउँ, अस्सी हजार मानिसहरु बस्ने। र हामीले यो लगातार, दस रातको लागि पाएका छौ। र त्यसैले हामीले त्यहाँ तुरुन्तै शुरू गर्ने आशा गर्दैछौ, र त्यसपछि ला सल्ले लोरेन, फ्रान्समा, अर्को, त्यसपछि बर्लिनमा, फर्किन्छौ...मेरो मतलब, त्यो र—र फ्रान्सको बीच बर्लिन।

4 त्यसपछि हामी फर्केर आउँछौ, प्रभुको इच्छा भए, सिकागोको अधिवेशनमा आउँछौ। शुरू हुन्छ, मलाई लाग्छ, पाँचौ, छैठौ, सातौ, आठौ, नवौ, शिकागोमा भएको अधिवेशनमा मेरो भाग हो—त्यो स्वेडिस मण्डलीमा। र त्यसपछि तिनीहरु, श्रीमान. बोज, तपाईहरु केहि जो शिकागोको वरीपरीबाट हुनुहुन्छ, आउने अर्कोमा तिनीहरुको एउटा अधिवेशन छ...अगस्टको पहिलोबाट शुरू भएर, वा पहिलो सेप्टेम्बरबाट, यो हो, स्वीडेनमा। र यो जान्दा खुसी छु कि मेरो तिनीहरुको मत मेरो लागि, आउनको लागि, र त्यो विश्वव्यापी र शतप्रतिशत थियो। म त्यसमा खुसी थिए, तर म कि त त्यहाँ जानुपर्छ वा यहाँ तल अहिले। तपाई प्रार्थना

गर्नुहोस् कि प्रभुले मलाई ठ्याक्कै त्यहि ठाउँमा डोर्याउनुभएको होस् जहाँ धेरै प्राणहरुले उद्धार पाउनेछन्, अनि परमेश्वरको राज्यको लागि सबैभन्दा राम्रो हुनेछ। अब, तिनीहरुको त्यहाँ माथि अधिवेशन हुन जाँदैछ, र—र तिनीहरु स्वीडेनमा हुनेछन्, र उहाँले भन्नुभएको हामीसँग, अधिवेशनमा शुरू गर्नको लागि, पच्चीस, पैतिस हजार मानिसहरु हुनेछन्, र तिनीहरु धेरै जसो उद्धार नपाएका मानिसहरु हुन्।

5 र त्यसपछि तल यहाँ जर्मनीमा, ठिक छ, तिनीहरुसँग एउटा स्टेडियम छ जसमा अस्सी हजार सिटहरु छन्। अवश्य पनि, हामी, स्विजरल्याण्डमा जहाँ हामीले भर्खरै छोडेका छौ, हाम्रो त्यहाँ राम्रो सभा भयो, र तपाईहरु मध्ये धेरैले शायद अहिलेसम्म कहिल्यै सुन्नुभएको छैन होला। परमप्रभुले हामीलाई शक्तिशाली रूपमा आशिष दिनुभयो, पाँच रातमै पचासहरु धर्मान्तरण भयो, र—र—र ज्युरिख, स्विजरल्याण्डमा।

6 र त्यसैले, भाई ज्याक शुलर, तपाईहरु धेरै जनाले उहाँलाई चिन्नुहुन्छ, उहाँ मेथोडिष्ट हुनुहुन्छ, बुढो बब शुलरको केटा। उहाँहरु अहिले बेल्फास्टमा हुनुहुन्छ, र—र उहाँहरुले भन्नुहुन्छ कि उहाँहरुले त्यो ठाउँलाई उल्टाउदै हुनुहुन्छ, त्यहाँ, सुसमाचारको लागि, र बिली ग्राहमले आफ्नो सभामा गरेको भन्दा पनि ठूलो। ज्याक एकदम ध्रेई राम्रो युवा साथी हो, जोस र प्रेमले भरिएको। र उहाँ—उहाँ त्यसमा यति इमानदार हुनुहुन्छ म विश्वास गर्छु कि उहाँ प्रभुको महान सेवक हुनुहुन्छ। र भाई शुलरको निम्ति प्रार्थना गर्नुओह्स। र—र ज्याक शुलर, र ज्याक म्याकअर्थर पनि उहाँ सँगै हुनुहुन्छ। भाई ज्याक म्याकअर्थर पनि, एउटा महान प्रचारक हुनुहुन्छ। र त्यहाँ मण्डलीको मानिस छन् जसले यो आईरल्याण्डमा भएको सबैभन्दा ठूलो जागृति हो भन्नुभयो। त्यसैले हामी यति...ती—ती मानिसहरुको लागि प्रार्थनामा दिनहु जान्छौ। उहाँहरु दुवै जवान मानिसहरु हुनुहुन्छ, चालिसभन्दा, कम, मलाई लाग्छ, वा मुनि, परिवारहरु र अन्य, र राम्रो ठोस सुसमाचार शिक्षकहरु, र हामी उहाँहरुलाई प्रेम गर्छौं।

7 र अब, म—म प्रार्थना गर्छु कि तपाईले मलाई बिर्सनु हुन्न, कि—कि परमेश्वरले मलाई ठिक अहिले सहि निर्णय गर्ने बनाउनुहुनेछ। त्यहाँ समय आउँछन् जहाँ तपाई कुन बाटो जाने थाहा हुँदैन। के तपाई कहिल्यै ती ठाउँहरुमा जानुहुन्छ? म विश्वास गर्छु कि त्यो ठाउँमा एकपटक पावल पुगेका थिए, थिएनन् र? त्यो दुईवटा नाकाको बीचमा भएको थियो। र जब उनी

गईरहेका थिए, किन, उनले दर्शनमा एउटा स्वर्गदूत देखे जसले उनलाई भने, "यहाँ मेसिडोनियामा आऊ।" त्यसैले परमप्रभुसँग अझै पनि उहाँको स्वर्गदूत छ, होइन र? यस बिषयमा म पावल जत्तिको नम्र थिए त्यत्तिकै हुन सके त।

8 र अब, आज राती, याद गर्नुहोस् कि सुसमाचारीय सेवाहरु यहाँ मण्डलीमा छ, सबैजना बाहिर आउनुहोस्। तपाईहरु जो लुईभिलको वरीपरी हुनुहुन्छ, म आजराती, केहि घण्टाको लागि, द ओपन डोरको मण्डलीमा बोल्नेछु, सात–तिस देखि नौ–तिस सम्म, भाई काउबलको मा। म यहाँ दुई पटक आउनेवाला थिए। र त्यसपछि उहाँ यति राम्रो मानिस हुनुहुन्छ, र उहाँले बोलाउनुभयो। र भाई काउबल, उहाँ एकदम राम्रो सज्जन हुनुहुन्छ, भाई। तपाई, म पक्का छु कि तपाई परिचित हुनुहुन्छ, एकदम राम्रो भाई, र उहाँलाई यत्तिकै अस्वीकार नै गर्न सक्दिन। प्रार्थना गर्नुहोस्। सबैकुराहरु भन्दा माथि, प्रार्थना गर्नुहोस्, र प्रार्थना गर्नुहोस् कि परमेश्वरले हामीलाई—सहि निर्णय गर्न सक्ने बनाउनुभएको होस्।

9 अब, हामीले सुसमाचारको सन्देश शुरू गर्नुभन्दा पहिले, हामीसँग साना नानीहरुलाई समर्पण गर्नको लागि बिहान छ। र मसँग यहाँ सानो साथी, पनि, परमप्रभुमा, समर्पण गर्नको लागि हुनुहुन्छ। अब, धेरै पटक मण्डलीहरुमा...

पछाडि, के तपाईले राम्ररी सुन्न सक्नुहुन्छ? यदि तपाई सक्नुहुन्छ भने, के यो ठिक छ? यी यहाँका फ्यानहरु, म केवल, तपाईले आफैलाई सुन्न सक्नुहुन्न। होइन, त्यो, त्यो त्यो सबै ठिक छ। म यो बिना नष्ट हुन्छु भन्ने डर छ।

10 त्यसैले—साना नानीहरु, कहिले काहि तिनीहरुले तिनीहरुलाई छिर्काउ गर्छन्, मण्डलीमा, जब तिनीहरु साना साना बच्चाहरु हुन्छन्। र, अवश्य पनि, त्यो क्याथोलिक मण्डलीबाट आउँछ, साना बच्चाहरुलाई नाम दिएर, वा "बप्तिष्मा" दिएर जसरी तिनीहरुले साना साथीहरु हुँदा उनीहरुलाई बोलाउँछन्। मेथोडिष्ट मण्डलीले यसलाई ल्यायो, शिशुको बप्तिष्मा, र धेरै कुरा, र मलाई लाग्छ अन्य धेरै ल्याए। मलाई लाग्छ नाजरिन र पुरानो–शैलीको मेथोडिष्टमा त्यहि नै भिन्नता छ, त्यो शिशुको बप्तिष्मा, र त्यसपछि सानो टुक्राई र अन्य त्यस्तै। तर, जुनै पनि तरिकाले, यसले, मलाई लाग्दैन कि यसले धेरै फरक पार्छ। किनभने, अन्तमा, मलाई लाग्छ

कलवरीले यो कुरा मिलाएको छ, ठिक त्यहाँ, सबैको लागि, त्यो सहि हो, किनभने येशू त्यहाँ साना नानीहरु र संसारलाई बचाउनको लागि मर्नुभयो।

11 र एउटा सानो बच्चा, उसले कस्तो खालको अभिभाव पाएको छ त्यसले फरक पार्दैन, कत्ति पापी, त्यसले केहि पनि फरक पार्दैन, किनकि येशू ख्रीष्टको रगतले उसलाई धुँदछ, हेर्नुहोस्, र यो परमेश्वरको थूमा हुनुहुन्छ जसले संसारको पाप लैजानुहुन्छ। त्यो बच्चाले पश्चाताप गर्न सक्दैन। उसलाई कसरी पश्चाताप गर्ने थाहा हुँदैन। उसलाई यहाँ हुनु को कुनै कारण छैन, आफैलाई थाहा छैन। ऊ यहाँ किन छ उसले तपाईलाई भन्न सक्दैन। तर परमेश्वरले उसलाई यहाँ पठाउनुभयो, र येशू ख्रीष्टको रगतले यो संसारमा आउदा नै उसलाई शुद्ध पार्दछ। र ऊ उत्तरदायित्वको उमेर नभएसम्म हुन्छ, त्यसपछि उसलाई सहि र गलत थाहा हुन्छ, र त्यसपछि उसले के गर्छ त्यसको लागि गलत गरेको छु भनि थाहा गरेर यसको लागि पश्चाताप गर्नुपर्छ। त्यो सहि हो। त्यसैले, तिनीहरु मध्ये केहिले उनीहरुलाई छिर्काउ गर्छन्, र सोच्छन् कि तिनीहरु स्वर्ग जाँदैनन्।

12 र त्यहाँ एउटा शिक्षा छ जसले भन्छ कि यदि बच्चा पवित्र आत्माको अभिभावकहरुको मा जन्मिन्छ, ठिक छ, बच्चा स्वर्ग जाँदछ; तर, यदि यो होइन भने, त्यहाँ अरु केहि छैन, बच्चा केवल रहने छैन। त्यो सख्त रूपमा त्रुटी हो। यसले के फरक पार्छ कतै यो एउटा पवित्र आत्मा भएको अभिभावकको मा होस् या नहोस्? यो सबै यौन इच्छा हो, र बच्चा उही तरिकामा जन्मन्छ। त्यसैले, यो सबै "पापमा जन्मिए, अधर्ममा आकार लिए, झुट बोल्दै संसारमा आए।" त्यो, त्यो नै धर्मशास्त्रको शब्द हो यसको लागि।

13 त्यसैले, र त्यसपछि येशू ख्रीष्टको रगतले शुद्ध पार्दछ र त्यो बच्चाको लागि प्रायश्चित गर्दछ। यदि ऊ मर्यो भने, ऊ सिद्ध रूपमा ठिक परमेश्वरको उपस्थितिमा जाँदछ, यदि ऊ संसारको सबैभन्दा पापी आमाबुवाबाट जन्मेको हो भने, जबसम्म यो उत्तरदायीको उमेरमा आउदैन जहाँ उसलाई सहि र गलतको थाहा हुन्छ। र त्यसपछि यसले के गर्छ, त्यसबेला देखि, उसलाई त्यसको लागि क्षमा दिईनुपर्छ। त्यसपछि चाहि उसले आफ्नो पश्चातापको लागि आफैले माग्नुपर्छ। तर ऊ बच्चा भईरहेको बेला...

14 अब, जुन तरिकामा हामीले पछ्याउने प्रयास गर्छौं, यहाँ मण्डलीमा। संसारमा यो मात्रै एउटा ठाउँ हो जहाँ म जान्छु, म सिद्धान्त प्रचार गर्छु,

त्यो यहि मण्डली हो, किनभने यो हाम्रो मण्डली हो। र हामी मानिसहरुलाई ठिक स्थानमा राख्नकोलागी यहाँ सिद्धान्त प्रचार गर्छौं। अन्य मानिसहरु, उनीहरुको मण्डलीमा, उनीहरुले जे विश्वास गर्छन् त्यो प्रचार गर्छन्। र तिनीहरु मेरा भाईहरु हुन्, र हामी थोरै भिन्नता राख्न सक्छौ, तर हामी अझै पनि उस्तैनै भाईहरु हौँ। र, तर यहाँ मण्डलीमा, हामीले जे धर्मशास्त्री सिद्धान्तको रूपमा सहि छ जस्तो लाग्छ त्यो प्रचार गर्छौं। र, त्यहाँ, हामीले नानीहरुको समर्पणको लागि देख्छौ, हामी के भन्छौ एउटा अर्पण, एक मात्र समय जुन हामीले बाईबलमा पाउछौ, वा जहाँ नयाँ नियममा जहाँ साना बच्चाहरुलाई कहियै गर्नको लागि केहि थियो, वा ख्रीष्टले कुनै समारोहमा यसमा गर्नुपर्ने कुरा थियो, जुन, उहाँले तिनीहरुलाई आफ्नो काखमा उठाउनुभयो र तिनीहरु माथि आफ्नो हात राख्नुभयो र तिनीहरुलाई आशीर्वाद दिनुभयो, र भन्नुभयो, "साना बालकहरुलाई मकहाँ आउन देओ। तिनीहरुलाई नरोक, किनकि परमेश्वरको राज्य उनीहरु जस्तै नै छ।"

15 अब, हामीहरु छोडियो, जस्तो हामीले बुज्छौ, त्यो कार्य जारी राख्न जुन उहाँले—पूरा गर्न आउनुभयो। कलवरीमा उहाँको मृत्यु, उहाँ हामीसँग हुनुहुन्थ्यो र उहाँ जानुभयो...परमेश्वरबाट आउनुभयो, संसारमा, परमेश्वरबाट फर्किनुभयो, वा संसारबाट परमेश्वरमा, अनि फेरी पवित्र आत्माको रूपमा आउनुभयो, र हामीहरुसँग हुनुहुन्छ, हामीहरु भित्र, संसारको अन्त्यसम्म, उहाँको मण्डलीलाई उही काम सहित अघि बढाउदै जुन उहाँले उहाँ यहाँ पृथ्वीमा हुनुहुँदा गर्नुभयो। र, त्यसबाट, हामीले हाम्रो बालबच्चालाई एकअर्कामा लान्छौ, सेवककोमा, र उहाँहरुले तिनीहरुलाई प्रार्थना गरिदिनुहुन्छ, तिनीहरु माथि हात राख्छन् र परमेश्वरमा तिनीहरुलाई अर्पण गर्छन्। केवल एउटा सानो समारोह जहाँ हामीले हाम्रो निम्ति र बच्चाहरुको निम्तिले परमप्रभुले के गर्नुभयो त्यसको सम्मान गर्छौं।

16 अब, यदि तपाईको सानो बच्चालाई छिर्काउ गरिएको छ भने, वा तपाईको मण्डलीमा कुनै पनि तरिकामा छ, सोच्नुहोस्। हामीहरु त्यसको विरुद्धमा एउटा पनि कुरा गर्दैनौ। यो एकदम ठिक छ। तर, धर्मशास्त्र अनुसार, हामीले केवल एउटा ठाउँ भेट्टाउछौ, जहाँ येशूले तिनीहरुलाई आशिष दिनुभएको छ, उहाँ आफैले। त्यो म पढ्नेछु, प्रभुको इच्छामा, यहाँ—वचनमा। हामीले पाउँछौ, सन्त लुकामा...मलाई लाग्छ यो—१० औ अध्याय हो, र १३ औ पदबाट शुरू गरेर।

*मानिसहरूले साना बाल–बालिकाहरूलाई येशूले छोइदेऊन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए: तर चेलाहरूले* तिनीहरूलाई *हकारे।*

*तर यो देखेर, येशू रिसाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, साना बाल–बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक:किनभने परमेश्वरको राज्य यस्तैहरूको हो।*

*साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन।*

*अनि उहाँले तिनीहरूलाई काखमा लिनुभयो,* र *तिनीहरूमाथि आफ्नो हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो।*

17 त्यो प्यारो छ? उहाँले भन्नुभयो, “अब, साना बाल–बालिकाहरूलाई मकहाँ आउन देओ। तिनीहरूलाई नरोक, किनभने, यस्तै नानीहरु जस्तै, परमेश्वरको राज्य यस्तैहरूको हो।” र उहाँले तिनीहरुलाई आफ्नो काखमा राख्नुभयो अनि तिनीहरुलाई आशिष दिनुभयो।

18 अब, हामी कसरी माया गर्छौं, यस बिहान, यदि हामीसँग येशू बसिरहनुभएको भए, व्यक्तिमा, यहाँ मंचमा, भन्नुहुन्छ, “प्रभु, के तपाईले मेरो बच्चालाई आशिष दिनुहुनेछ?” ओ, कति...किनकि हाम्रो मानवीय आँखा र हृदयले त्यो हेर्न चाहन्छ। तर उहाँ यहाँ हुनुहुन्छ, जसरी पनि, किनकि परमेश्वरले हामीलाई यो गर्नको निम्ति आज्ञा दिनुभयो। र, जसरी हामीले गरेका छौ, त्यसरी नै उहाँले चिन्नुहुन्छ। एक पटक उहाँले पठाएको हामीले ग्रहण गर्छौं, उहाँलाई ग्रहण गर्छौं जसले उहाँलाई पठाउनुभयो, तपाई देख्नुहुन्छ। त्यसैले, उहाँ यस बिहान यहाँ हुनुहुन्छ। र यदि बहिनी गेर्टी यहाँ आएर आफ्नो पियानो बजाउनुहुन्छ र हाम्रो पुरानो गीत बजाउनुहुन्छ जुन हामीले धेरै समय अगाडि गाउने गर्थ्यौं, यो, “तिनीहरु लाई भित्र ल्याओ, साना नानीहरुलाई येशूकोमा ल्याओ।” म विश्वास गर्छु कि यो त्यहाँ पुस्तक कतै छ। म पक्का छैन। “साना नानीहरुलाई येशूकोमा ल्याओ” र यदि तपाईसँग एउटा नानी छ भने, एउटा सानो नानी जो अहिलेसम्म अर्पण गरिएको छैन, र तपाईले उसलाई यस बिहानमा समर्पण गर्न चाहनुहुन्छ, किन, हामीहरु यो गर्नलाई खुसी हुनेछौ।

19 र भवनमा के यहाँ कोहि सेवकहरु हुनुहुन्छ, प्रचारकहरु जो केवल यहाँ माथि आउनुहुन्छ र हामीले परमप्रभुमा यी नानीहरुलाई अर्पण गर्दै गर्दा यहाँ खडा हुनुहुनेछ? तपाईहरुलाई पाउँदा हामी खुसी हुनेछौ, जसै तपाईहरु यहाँ आउनुहुनेछ। ठिक छ, यो त्यहाँ पुस्तक भित्र छ? तपाईले यो पाउनुभयो, भाई नेभिल? त्यो त्यहाँ छैन। ठिक छ, कतिजनालाई थाहा छ, *तिनीहरुलाई भित्र ल्याओ?* ठिक छ, आउनुहोस् यसलाई अहिले गाऔं। सबैजना सँगै, जब आमाहरुले आफ्ना नानीबाबुहरु ल्याउनुहुन्छ। ठिक छ, ठिक छ।

...तिनीहरुलाई भित्र, तिनीहरुलाई भित्र ल्याओ,
तिनीहरुलाई पापको क्षेत्रबाट भित्र ल्याओ;
तिनीहरुलाई भित्र, तिनीहरुलाई भित्र ल्याओ,
भौतारिएकाहरुलाई येशूकोमा ल्याओ।

तिनीहरुलाई भित्र, तिनीहरुलाई भित्र ल्याओ,
तिनीहरुलाई पापको क्षेत्रबाट भित्र ल्याओ;
तिनीहरुलाई भित्र, तिनीहरुलाई भित्र ल्याओ,
साना नानीहरुलाई येशूकोमा ल्याओ।

हामी प्रार्थनाको लागि हाम्रा शिरहरु एक पलको लागि झुकाउनेछौ।

20 हाम्रो स्वर्गीय पिता, आज बिहान वेदीको वरिपरी उभिएका आमा र बुबाहरु आफ्ना स–साना सन्तानलाई काँखमा लिएर उभिएका छन्, जुन तपाईले तिनीहरुलाई दयापूर्वक दिनुभयो। तिनीहरु उनीहरुक निम्ति अत्यन्त धन्यवादी छन्, प्रभु, र उहाँहरुले उनीहरुलाई यस बिहान यहाँ माथि वेदीमा ल्याएका छन्, परमेश्वरको घरमा, तिनीहरुलाई अर्पण गर्नको निम्ति, तिनीहरुको जीवन तपाईमा सुम्पिनको निम्ति। तपाईले दिनुभएको छ। र हामी प्रार्थना गर्छौं, परमेश्वर, कि तपाईले यी हरेकलाई पोषण र आशीर्वाद दिनुहुनेछ। तिनीहरुलाई अगुवाई गर्नुहोस्, र यी हरेकलाई सुरक्षाको स्वर्गदूतले हेरचाह गरून्। तिनीहरुलाई खुसी र आनन्दको दिर्घायु दिनुहोस्। तिनीहरु भोलीका, यदि भोली छ भने, परमेश्वरको पुरुष र महिलाहरु भई उठून्।

21 परमेश्वर, हामी प्रार्थना गर्छौं कि तपाईले प्रचारकहरु र अगमवक्ताहरु र शिक्षकहरु उठाउनुहुनेछ आज बिहान वेदीका वरिपरी रहेका बच्चाहरुका समूहबाट। र जब हामी बुढा हुन्छौ र अगाडि बढ्न सक्दैनौ, कसैले हामीलाई

एक ठाउँबाट अर्को ठाउँमा लानुपर्छ आज यहाँ रहेका यिनीहरुद्वारा प्रचार गरिएको सुसमाचार हामीले खडा भई सुन्न सकौ। यो प्रदान गर्नुहोस्, प्रभु। र कुनै महिमित दिन जब यी सबैकुरा समाप्त हुन्छ, हाम्रा जीवनहरु सकिन्छ, वेदीका वरिपरी भएका यी अभिभावकहरु, हामी पुरानो बेलाको याकूब जस्तै हुन सकौँ जब उनले आफ्ना सबै छोराछोरीहरुलाई आशिष दिए र तिनीहरुलाई तिनीहरुको अन्त्य अन्तिम दिनमा कस्तो हुनेछ भनिदिए। त्यसपछि माथि हेर्दै, भने, “तिमीलाई थाहा छ, म मेरा मानिसहरुसँग भेला हुनेछु।” र कुनै महिमित दिनमा, उनी र उनका सबै सन्तानहरु, अफ्र उत्तम भूमिमा भेला हुनको निम्ति। कुनै आश्चर्य छैन जब बालमले भने, “मेरो अन्तिम अन्त्य उहाँको जस्तै होस्।” परमेश्वर, म प्रार्थना गर्दछु कि तपाईले यी आशिषहरु अभिभावकहरुमा प्रदान गर्नुहुनेछ।

22 र अहिले जसै हाम्रा हातहरु उनीहरुमा राख्न जाँदैछौ, कति—कति अद्भूत...र कति नम्र तपाईले यसलाई बनाउनुभयो, प्रभु, कि हामी यस पृथ्वीका मानिसहरुले तपाईको नाममा साना बच्चाहरुलाई आशीर्वाद दिने शौभाग्य पाएका छौ, यो जानेर, कि, हामीले के माग्छौ, हामीलाई दिईएको छ। जसरी हामी तिनीहरुलाई आशीर्वाद दिन जान्छौ, येशू, सबै अदृष्य व्यक्तिहरु, सर्वशक्तिमान नजिकै खडा हुनुहोस् र हामीले प्रत्येक नानीहरुमा हातहरु राख्दै गर्दा र तिनीहरुलाई उहाँमा अर्पण गर्दै गर्दा आशिष दिनुहोस्। किनकि हामी यसलाई उहाँको नाउँमा माग्दछौ। आमेन।

23 भाई ग्लेन फन्क, उहाँसँग उहाँको तिन जना नानीहरु प्रभु अर्पण गर्नको लागि छ। [टेपमा रिक्त स्थान—सम्पा।]

...एउटा—एउटा सानो कोठरी, टाढा उत्तरभूमिको बाटोमा, तपाईले यो बच्चा मलाई प्रतिज्ञा गर्नुभयो। पिता, तपाईको आशिष उहाँमा रहेको होस्।

योसेफ, मेरो केटा, म तिमीलाई परमेश्वरलाई दिन्छु। र तिम्रो जीवन एउटा आशिष भएको होस्। तिमी एउटा अगमवक्ता भएको होस्, योसेफ। परमेश्वरको अनुग्रह तिमीसँग रहेको होस्। तिम्रो पिताको परमेश्वर, प्रभु येशू ख्रीष्ट, सधै आशिष दिनुभएको होस्, तिम्रो जीवन अरुको निम्ति एउटा आशिष बनाउनुभएको होस्।

येशू ख्रीष्टको नाउँमा, म उसलाई आशिष दिन्छु। आमेन।

24 [टेपमा रिक्त स्थान—सम्पा।] ...साना नानीबाबुहरुलाई प्रेम गर्नुहोस्? साना साथीहरुको बारेमा केहि जुन प्रत्येक आमाले आन्फो बच्चालाई आशिष दिन चाहन्छन्।

अब, त्यहि नै तरिकामा हाम्रो स्वर्गीय पिता आज बिहान हामी वयस्कहरुका लागि हुनुहुन्छ। उहाँले हामी प्रत्येकले आशिष पाएको चाहनुहुन्छ। उहाँले हामीलाई निश्चित कुराको अगाडि प्रस्तुत गर्नुहुन्छ, केवल हामीलाई हस्तान्तरण गर्नुहोस्, भन्नको लागि, "यहाँ, म तिमी आशिषित होस् भन्ने चाहन्छु, मेरो बच्चा।" के उहाँ अद्भूत हुनुहुन्न? त्यसैले हामी त्यस्तो दयालु स्वर्गीय पिताको कदर गर्न सक्छौ।

25 अब, साना बच्चाहरुको आशीर्वादमा, तपाईलाई थाहा छ, मैले अर्को दिन केवल यहाँ धर्मशास्त्रमा पढ्दै थिएँ, यहिनिर कतै, यो पुरानो करारमा थियो, कि, एउटा महान कुरा जुन मैले—मैले पढ्न पाएर निश्चय नै आभारी छु। यहाँ यो छ, ठिक यहाँ। "अनि नतानले दाऊदलाई भने, 'तपाईको हृदयमा भएको सबै कुरा गर्नुहोस्, किनकि परमेश्वर तपाईसँग हुनुहुन्छ।'" बुझ्नुभयो? "तपाईको हृदयमा के छ त्यो गर्नुहोस्।" र धेरै पटक मैले—मैले यो पाएको छु, इसाई मित्रहरु, कि मैले के भन्नेछु भनि नजानी कति कुरा भनेको छु, र त्यो पूरा हुन आउनेछ भनि पाउछु। तपाई के भन्नुहुन्छ!

26 यो एक पटक भनिएको थियो, येशू डाँडाबाट तल आउनुभयो र उहाँले एउटा रूख देख्नुभयो जसमा केहि पनि थिएन, केवल पात मात्रै थियो, र त्यहाँ कुनै फल थिएं, र उहाँले भन्नुभयो, "अब उप्रान्त कुनै पनि मानिसले तिमीबाट खाने छैन।"

27 र अर्को दिन, त्यहीबाट जाँदै गर्दा, प्रेरितहरुले पातहरु सुकेको देखे। उसले भन्यो, "कति चाडो रूख ओईलायो।"

28 येशूले भन्नुभयो, "परमेश्वरमा विश्वास राख; किनकि जे पनि कुरा तिमीले चाहना गर्छौ, जब तिमीले प्रार्थना गर्छौ, तिमीले पाएको छौ भनि विश्वास गर अनि तिमीसँग यो हुनेछ। र तपाईले जे पनि भन्नुहुन्छ, तपाईले भन्नुभएको कुरा तपाईसँग हुनेछ।" त्यसको बारेमा सोच्नुहोस्। ओ! र शायद आज, परमेश्वरको महान पवित्र आत्मा, यहाँ वेदीमा उभिरहनुभएको छ, तपाई भन्नुहुन्छ...ठिक छ, यो सजाईनु पर्दैन। यो कुनै महान विस्तृत ठाउँ हुनुपर्दैन।

29 याकूबले एकपटक एउटा ढुंगा ताने र त्यसमा आफ्नो टाउको राखे, र त्यो आज पनि टाउको को ढुङ्गाको रूपमा चिनिन्छ। वा, ढुङ्गाको टाउकोको रूपमा, कि पृथ्वीका महापुरुषहरुले अझै पनि त्यो ढुंगालाई वरिपरी राख्छन्, यस ढुङ्गाको टुप्पोमा राजाहरुको उदघाटन गर्नको लागि, एउटा मैदानमा बिछ्याएको सामान्य पुरानो ढुङ्गा।

बेथेल एक अर्कामा राखिएको ढुङ्गाको थुप्रो मात्र थियो, र यो परमेश्वरको घर भयो, बासस्थान। याकूबले भने, "यो अरु केहि नभएर परमेश्वरको घर हो।" केवल एक अर्का माथि ढुङ्गाको थुप्रो मात्रै थियो।

30 यसले ठूलो विस्तृत चिजहरु लिदैन। विश्वास गर्नको लागि सरलता र विश्वास चाहिन्छ, यहि नै चाहिन्छ। त्यसले नै यो बनाउछ।

31 अब, यो जानेर कि समय चाडै नै बितेर जान्छ, हामी तपाईलाई धेरै लामो समयसम्म नराख्ने प्रयास गर्नेछौ, यो गर्मी छ र मण्डलीमा भीड छ। त्यसैले यस बिहानमा म तपाईसँग केवल केहि क्षणको लागि बोल्नेछु, यहाँ एउटा सानो विषयमा जुन हुनसक्छ…म विश्वास गर्छु कि यो तपाईको निम्ति एउटा मद्दत हुनेछ। र अब म, घर छोड्नु भन्दा पहिले, मैले तिन वा चार सानो कुराहरु लेखेको छु। मैले भने, "म तल त्यहाँ पुग्दा प्रभुले मलाई बोल्नको निम्ति के राख्नुभएको छ त्यो मा प्रतिक्षा गरेर हेर्नेछु।" मैले यहाँ तल सानो छ वटा विषयमा लेखेको छु, साना विषयहरु, र मैले एउटा लेखे, मैले मेरो गोजीमा यसरी राखे। मैले सोचे, "ठिक छ, जब म पुल्पिटमा जान्छु सह्य उहाँले मलाई के बोल्ने भनेर बताउनुहुनेछ।" अब म त्यहाँ माथि जति थिए टी भन्दा टाढा छु। त्यसैले, खैर, म यहाँ एउटा पद पढ्नेछु, परमप्रभुले यो बुझ्नको निम्ति हामिलिई मद्दत गर्नुभएको होस्। सन्त लूकाको १४ औ अध्याय, र आउनुहोस् शुरू गरौँ तिस…सन्त लूकाको १४ औ अध्यायको ३१ औ पद।

*कुन राजा होला जसले अर्को राजासँग लड़ाइँ गर्न जाँदा आफ्नो साथ भएका, दश हजारले त्यसको विरुद्ध आउने बीस हजारसँग लड़ाइँ गर्न सक्छु कि सक्दिनँ भनी पहिले बसेर सल्लाह गर्दैन?*

*तिनले नसक्ने हो भने, ऊ कि त…त्यो अर्को राजा टाढ़ै हुँदा, मिलापको शर्त सोध्न राजदूत पठाउनेछ।*

*यसकारण तिमीहरूमध्ये जसले आफूसित भएका सबै…*

32 म तपाईले ध्यान दिएर सुन्नुभएको चाहन्छु। अब, पहिलो उहाँले भन्नुभयो...यो एउटा दृष्टान्त हो। उहाँले भन्नुभयो, "अब, त्यहाँ एउटा राजा आउदै हुनुहुन्छ, र ऊसँग बिस हजार सिपाहीहरु थिए; र *यो* राजा उनलाई भेट्नको निम्ति गए, र उनीसँग केवल दस हजार सिपाहीहरु छन्। त्यसोभए, पहिलो, ऊ बस्छ र ऊ तयार छ कि छैन भनेर सल्लाह गर्छ, कतै उसले यो गर्न सक्छ या सक्दैन भनेर।" ठिक छ।

> ...आफूसित *भएका सबै थोक त्याग्दैन,* त्यो *मेरो चेला हुन सक्दैन।* (बुझ्नुभयो?)

33 अब परमप्रभुले उहाँको यस वचनमा उहाँको आशिष थप्नुभएको होस्। अब हामीले एक क्षणको लागि शिर झुकाऔं।

34 हाम्रो स्वर्गीय पिता, तपाई जसलाई सबैकुरा थाहा छ, र मानिसको व्यक्तिलाई वास्ता गर्नुहुन्न, मानिस के हो र तपाईले त्यसको वास्ता गर्नुहुन्छ? तपाईले मानिसलाई बनाउनुभयो, र ऊ मैदानको फूल जस्तै हो: आज ऊ सुन्दर छ, भोली ऊ काटिन्छ, चुलोमा फालिन्छ, र ऊ ओईलाईजान्छ। र म तपाईलाई प्रार्थना गर्छु, परमेश्वर, हामीमा आज दयालु हुनुहोस् र हरेकले आज सूची लिएका होऊन्। हामी सुधार गृहमा जस्तै यहाँ छौ। हामीहरु यहाँ सिक्न र कसरी जिउने सो जान्नलाई आएका छौ, र त्यो आज तपाईको वचनबाट आउन दिनुहोस्, ओ अनन्त परमेश्वर। तपाईका धेरै छोराछोरीहरु भेला भएका छन्, र तिनीहरु धेरै बर्षौ देखि तपाईका छोराछोरीहरु भएका छन्, तर, त्यसरी, हामी सबैजना परमेश्वरको घरमा फर्केर आउँछौ, सिक्नको निम्ति, जान्नको निम्ति। र म, तपाईको दास, तपाइको बारेमा अझै जान्ने इच्छा राख्दछु। र म प्रार्थना गर्छु कि तपाईले सुसमाचारको प्रेरणा हामी सबैमा ल्याउनुहुनेछ, तपाईको दासमा, र त्यो तपाईको उपस्थिति, र यस भवनको मार्फत हामीलाई प्रेरणा दिदै, यो आज यति महान हुनेछ, कि हामीले छोड्नेछौ, हाम्रो हृदयमा, तपाईको उत्तम सेवक बन्ने इच्छाका साथ्, कि हाम्रो लागि यहाँ हुनु लाभदायक हुनेछ। ओ दयालु परमेश्वर, यी आशिषहरु येशू, तपाईको पुत्रको नाममा प्रदान गर्नुहोस्। आमेन।

35 अब हामीले पढ्दै गर्दा प्रभुले वचनमा उहाँका आशिषहरु थप्नुभएको होस्। म यस बिहान एउटा पाठ लिन चाहन्छु, कि, "भरमाउने आत्माहरु वा परमेश्वरको वचन?" अब, एउटा अनौठो विषय हो, तर यो मण्डलीमा

भएकोमा...र गत बुधबार राति...गत आईतबार बिहान म एउटा—एउटा सानो सुसमाचारको जयन्तीमा बोल्दै थिए।

36 र गत बुधबार राती मैले महियाको विषयमा प्रचार गर्दैथिए—उनको शिरमा भएको सिक्काको विषयमा, वा...उनले आफ्नो सिक्काको एउटा टुक्रा हराईन्, र उनले घर बडार्दै थिईन् र उनको पति आउनभन्दा अगाडि भेट्टाउने कोशिस गर्दै थिईन्। र त्यो महिला एक प्राच्य प्रकारकि भएकि पत्ता लगाउन सक्छौ, र उनी...र मण्डलीलाई प्रतिनिधित्व गर्थिन्। र विवाहहरुको औठी औलामा लगाउन हुँदैन थियो। त्यो शिरभरि लगाईन्थ्यो, जसमा नौ ओटा चाँदीका टुक्राहरु हुन्थ्यो। र जब एउटा महिला व्येश्या बन्छिन्, तिनीहरुले चाँदीको एउटा टुक्रा निकाल्थे र उनी एउटा व्येश्या थिईन् भनि देखाउथे। र यसरी यस महिलाले एउटा टुक्रा हराईन्, एउटा व्येश्या होइनन्। तर उनकि पति चाहि टाढा थिईन्, र उनले त्यो टुक्रा फेला पार्न हतार गर्न कोशिस गरिरहेकी थिईन्, उनको पट्टिमा फिर्ता राख्नको निम्ति, किनकि उनकि पति आए पछि थाहा पाउनेछन् कि उनी वेश्यावृत्तिमा समातिएकी छिन्, र यसको अर्थ घर टुक्राउनु र आदि गनु हो। र मैले त्यो केहि क्षणको लागि मण्डलीमा लागू गराएँ, धेरै कुराहरु घुमाएका छन्। र यो पिता आउने समय हो, त्यसैले हामीले त्यो फेला पार्नुपर्छ। अब, मण्डलीमा जानेर, र हाम्रो मण्डली...

37 र म—म *भरमाउने आत्माहरु* मा बोल्न चाहन्छु, जुन यसलाई वास्तवमा *प्रेतात्माशास्त्र* शीर्षक हुनेछ। तपाईले दुष्टहरुको विषयमा, यी दिनहरुमा धेरै सुन्नुहुनेछ, तर तपाईले यसबाट कसरी छूटकारा पाउन सकिन्छ भन्ने बारेमा थोरै मात्रै सुन्नुहुन्छ। हामी सबै—सबैजनालाई राम्ररी थाहा छौ कि त्यहाँ दुष्टहरु छन्, तर, अर्को कुरा छाही, त्यो चिजबाट कसरी छुटकारा पाउन सकिन्छ। र अब त्यहाँ छ...पाएर, परमेश्वरको अनुग्रहद्वारा, दुष्टहरु भनिनेयी चिजहरुसँग व्यवहार गर्ने धेरै अवसर पाए, र तिनीहरु मंचमा र दैनिक यात्रामा भेटेको छु, र, किन, म आज बिहान धर्मशास्त्रमा हेर्न चाहन्छु र ती कुराहरु के हुन् खोज्नेछौ।

38 अब, हामीले यसलाई एउटा चंगाईको सेवामा लागू गर्नेछौ, सधै चंगाईको तर्फमा। क्यान्सर, ट्युमर, मोतिबिन्दु, क्षयरोग, यी सबैकुराहरु प्राकृतिक कुराहरु होइनन्, तिनीहरु अलौकिक र दुष्टहरु हुन्। धर्मशास्त्रले यसलाई स्पष्ट रूपमा प्रमाणित गर्दछ। तर त्यो शरीर भित्र दुष्टहरु हन्, बढ्दै,

क्यान्सर जस्तै, यसमा जीवन पाएको छ, र त्यसको जीवन चाहि एउटा दुष्ट हो। मोतिबिन्दुको वृद्धि, क्षयरोगको फैलाव, र अन्य रोगहरु, यो दुष्टहरु हुन्। त्यो भौतिक रूपमा हो।

39 अब, यस बिहान हामीहरु—दुष्टहरु बारे आत्मिक रूपमा प्राणमा बोल्न जाँदैछौ। तिनीहरु शरीरमा जस्तै गरी प्राणमा छन्। र हामी स्वीकार गर्न बाध्य छौ कि हामी तिनीहरुलाई मानिसहरुको शरीरमा देख्छौ, जस्तै क्यान्सर र—र विभिन्न रोगहरु जुन मानव शरीरमा छ।

40 भर्खरै, यहाँसम्म कि क्यान्सर एउटा चौथो–आयामको रोग भनेर घोषणा गरिएको छ, कि यो अर्को आयाममा छ। निश्चय नै, यो प्रेतात्माशास्त्र हो। हरेक रोग चौथो–आयामिक रोग हो, यसको शूरुवात हो।

41 अब, तर शरीरमा क्यान्सर वा प्राणमा क्यान्सर, दुष्ट कुनै पनि स्थानमा आउनसक्छ। अब, त्यहाँ धेरै पटक र धेरै मानिसहरु राम्रा विचार सहित छन् कि...र असल मानिसहरु जो धेरै पटक—तिनीहरुसँग भएका सानो ईश्वरज्ञानमा भर पर्न खोज्छन्, वा केहि जुन उनीहरुलाई बाल्यकालदेखि नै सिकाईएको थियो, र अझै पनि आफ्नो अस्तित्वमा तल, तल तिनीहरुको प्राणमा, कि तिनीहरुसँग अझै पनि केहि कुरा छ जुन सहि छैन। तपाई, आज बिहान यहाँ धेरै हुनुहुन्छ, निस्सन्देह जहाँकहिँ पनि तपाईले इसाईहरु एकसाथ भेला भेट्नुहुन्छ, तपाईले ती मानिसहरु पाउनुहुन्छ जसमा ती आत्माहरु छन्, कि तिनीहरु...यो अवांछनीय छ। तिनीहरुले त्यो चाहन्नन्। तिनीहरुले भन्छन्, "ओ, यदि मैले झुट बोल्ने काम मात्रै त्याग्न सके! यदि मैले अभिलाषा गर्ने त्याग्न मात्रै सके! यदि मैले केवल *यो* वा *त्यो* त्याग्न सके!" अब, त्यो दुष्टहरु हुन्। र, अब, तिनीहरु धर्मको रुपमा आउदछन्, धेरै जसो। (यो आईतबारे विद्यालय भएको हुनाले, यो शिक्षणको समय हो, त्यसैले आउनुहोस् यसमा हेरौ।) अब, तिनीहरु धर्मको रूपमा आउछन्, धरै पटक।

42 अब, धर्मशास्त्रमा, एकपटक, त्यहाँ यहोशोपात नाउँको एकजना मानिस थिए, एउटा महान मानिस, एक धार्मिक मानिस। र उनी अर्को राजा कहाँ गए जो—इस्राएलका राजा थिए। र उनी, यहोशोपात, यहूदाका राजा भएको हुनाले। र उनी तल अहाब कहाँ गए, इस्राएलका राजा, र तिनीहरु सबैजना एकसाथ भेला भए, र एकअर्कासँग गठबन्धन गरे, रामोथ गिलादमा लडाई गर्नको लागि। र तिनीहरुले यसलाई पहिले प्रार्थना बिना गरे।

43 ओ, यदि मानिसहरुले यो जान्न मात्र सके! त्यसैले म आज बिहान आएको छु र म विदेश जाँदै गर्दा तपाईहरुलाई प्रार्थनामा सम्झन आग्रह गरेको छु। सबैकुरामा, प्रार्थना!

अर्को दिन कसैले आएर भन्यो, “भाई ब्रन्हाम, के तपाईलाई कुनै निश्चित काम गर्नु गलत हो जस्तो लाग्छ?”

44 मैले भने, “किन तपाई प्रश्न गर्नुहुन्छ?” बुझ्नुभयो? यदि त्यहाँ तिम्रो दिमागमा प्रश्न छ भने, यसलाई छोडिदेऊ, यसलाई कत्ति पनि नगर्नुहोस्। केवल त्यसैसँग बस्नुहोस्। जब तपाई केहि गर्न शुरू गर्नुहुन्छ, र यदि यो एउटा प्रश्न हो कतै यो सहि हो या होइन भन्ने, त्यसबाट टाढा रहनुहोस्। त्यसमा कत्ति पनि नजानुहोस्, तब तपाईलाई थाहा हुन्छ कि तपाई सहि हुनुहुन्छ।

45 अब, सबैकुरा पहिले, प्रार्थना सहित विचार गरिनुपर्छ। “पहिले ईश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै अन्य चिजहरु थपिनेछन्।” आज बिहान म सकारात्मक छु, यदि पुरुष र महिलाहरु त्यो स्थानमा मात्रै पुग्न सके जहाँ तिनीहरुको प्राण, तिनीहरुको विचार, तिनीहरुको मनोवृत्ति, परमेश्वरको नजरमा सिद्ध हुनेछ, त्यो अहिलेसम्म अस्तित्वमा रहेको सबैभन्दा शक्तिशाली मण्डलीहरु मध्ये एक हुनेछ।

46 शारीरिकमा केहि क्षण हेर्नुहोस्। अब, हामीहरु, हामीसँग, धेरै पटक, बर्षौंसम्म, हामीले पाएका छौ जसलाई “झुट संसूचक” भन्छौ। तपाईले यसलाई आफ्नो नाडीमा राख्न सक्नुहुन्छ, त्यसलाई तिनीहरुको—तिनीहरुको टाउकोमा राख्छन्, अनि तपाई त्यहाँ भित्र पस्न सक्नुहुन्छ र एउटा झुटलाई सत्य जस्तो बनाउन सक्दो प्रयास गर्न सक्नुहुन्छ, अनि यसले हरेक पटक नकारात्मक दर्ता हुनेछ, किनभने मानव झुट बोल्नको निम्ति बनेका थिएनन्। झुट बोल्नु धोखापूर्ण, कडा कुरा, दुष्ट कुरा हो। झुट बोल्ने मानिसभन्दा बरु, कुनै पनि दिन, जडिया मसँग भएको चाहन्छु। बुझ्नुभयो? एक झुट बोल्ने! अनि तपाईको शरीर झुट बोल्नको निम्ति बनेको होइन। चाहे जतिसुकै तपाई पापी किन नहोस्, तपाई अझै पनि परमेश्वरक०ओ पतित पुत्र हुनुहुन्छ। आज यो शहरमा सबैभन्दा पापी व्यक्ति, परमेश्वरले तपाईलाई पापपूर्ण होस् भन्ने चाहनु भएन। उहाँले तपाई उहाँको एउटा छोरा र छोरी भएको चाहनुहुन्छ। तपाई उहाँको आफ्नै स्वरूपमा बनाइनुभयो। तर पापले तपाईलाई त्यो गर्ने बनाएको छ। र तपाईले चाहे

जतिसुकै नक्कल गर्ने र झुटलाई सहि देखाउन प्रयास गर्नुहुन्छ, तिनीहरुले यो गलत हो भनेर प्रमाणित गर्ने वैज्ञानिक उपकरण पाए। तपाईले यसलाई तपाईले चाहे अनुसारको सबै निर्दोषपनसँग बताउन सक्नुहुन्छ, तर यसले अझै पनि नकारात्मक दर्ता गर्नेछ; किनभने त्यहाँ तल एउटा मानिसमा एउटा अवचेतन छ, र त्यो अवचेतनलाई सत्य के हो भन्ने थाहा हुन्छ। र तपाईले यहाँ बाहिर के भन्नुहुन्छ भन्ने कुराले फरक पार्दैन, त्यो अवचेतलाई यो एउटा झुट हो भन्ने थाहा छ, र यसले अवचेतनलाई दर्ता गर्नेछ।

47 तसर्थ, यदि एउटा पुरुष वा एउटा महिलाले कहिल्यै आफ्नो विचारहरु प्राप्त गर्न सक्छ, अनि तिनीहरुको गवाही र तिनीहरुको जीवन परमेश्वरसँग मिल्दोजुल्दो हुन्छ भने (आमेन) पवित्र आत्माको माध्यम परमेश्वरसँग पूर्ण रूपमा एक होउन्जेल सम्म, के हुने थियो! यदि पुरुष र महिला कहिल्यै पंक्तिबद्ध हान सक्थे भने, जुन तिनीहरुको हृदयबाट स्वतन्त्रताका साथ, अन्तरआत्मासँग विश्वासका साथ भए!

48 धेरै मानिसहरु वेदीमा प्रार्थना गर्न आउँन्, तिनीहरुसँग बौद्धिक विश्वास छ। तिनीहरुले आफ्ना पापहरु स्वीकार गर्छन् अनि एउटा मण्डलीमा, बौद्धिक विश्वासद्वारा सामेल हुन्छन्। तिनीहरुले यसलाई आफ्नो—आफ्नो दिमागमा विश्वास गर्छन्। तिनीहरुले विश्वास गर्छन् किनकि तिनीहरुले यो सुनेका छन्। तिनीहरुले यो विश्वास गर्छन् किनभने तिनीहरुलाई जान्दछन् कि यो नै उत्तम नीति हो। तर परमेश्वरले हेरे कुरा त्यो होइन। उहाँले तपाईको बौद्धिक विश्वासलाई हेर्नुहुन्न।

49 उहाँले हृदयमा हेर्नुहुन्छ, जहाँ भित्री परमेश्वरमा...र जब यो हृदयबाट आउँछ, तब सबैकुराहरु सम्भव छ। तपाईको स्वीकारोक्तिले तपाईको जीवनलाई भेट्छ। तपाईको जीवन तपाईको स्वीकारोक्तिले जस्तै ठूलो स्वरले बोल्छ।

50 तर जब तपाईको स्वीकारोक्तिले एउटा कुरा भन्छ, अनि तपाईको जीवनले अर्को जिउँछ, त्यहाँ कतै केहि गडबड छ। त्यो यसकारणले हो किनकि तपाईमा बौद्धिक विश्वास छ, अनि हृदयबाट विश्वास छैन। र यसले त्यो बाहिरीलाई देखाउछ, *यहाँ*, परमेश्वरको ज्ञान छ; तर भित्र, *यहाँ*, एउटा शैतानले शंका गरिरहेको छ। "म ईश्वरीय चंगाईमा विश्वास गर्छु, तर यो मेरो लागि होइन।" बुझ्नुभयो? "अ, यो यस्तो हुनसक्छ, तर म यो विश्वास गर्दिन।" पाउनुभयो? बाहिर, तपाई भन्नुहुन्छ "हो"; भित्र, तपाईको

विवेकले भन्छ “होइन।” त्यहि वैज्ञानिक कुराले प्रमाणित गर्छ कि त्यो सहि थिएन, यसलाई प्रमाणित गर्छ।

51 ध्यान दिनुहोस् जब यी राजाहरु, तिनीहरुले शुरू गर्नुभन्दा अगाडि, तिनीहरुले गर्नुपर्थ्यो...यहोशोपातले अहाबसंग गठबन्धन गर्नुभन्दा अगाडि, उनले पहिले यो भन्नुपर्थ्यो, “आओ हामी प्रार्थना गरौँ र प्रभुको इच्छा के हो हेरौँ।”

52 मलाई एउटा प्रचारक दिनुओह्‌स, मलाई एउटा इसाई दिनुहोस्, मलाई एउटा गृहिणी दिनुहोस् जो इसाई हुन्, मलाई एउटा किसान दिनुहोस्, वा एउटा उद्योग कामदार दिनुहोस्, जसले परमेश्वरलाई सबैकुरामा पहिलो राख्दछ, म तपाईलाई देखाउनेछु कि शैतानले त्यस मानिसमा आफ्नो पूर्ण प्रयास राखे पनि त्यस मानिस सफल हुनेछ। उनले पहिले, परमेश्वरलाई खोज्दछ। हामीसँग पहिले...

53 तर तिनीहरुले यो गरेनन्। तिनीहरु सबै बादलले ढाकेका थिए किनभने अहाबको ठूलो उज्यालो राज्य थियो, र तिनले सबैकुराहरु गरेका थिए, र तिनको ठूलो सजावटहरु, तिनको सुन र चाँदी थियो, एक ठूलो, सफल मानिस थियो, र पनि अविश्वास थिए।

54 र त्यहाँनिर संसार आज छ। अमेरिका आज्ञा त्यहि उभिएको छ। आज मण्डलीहरु त्यहि खडा छन्। हामीले अहिलेसम्म निर्माण गरिएका केहि उत्कृष्ट मण्डलीहरु निर्माण गरेका छौ। हामीसँग केहि उत्कृष्ट निपुण विद्वानहरु छन् जुन हामीले पाएका छौ। हामीले केहि उत्कृष्ट धर्मज्ञान, अन्य कुराहरु सिकायौ, र स्वर्गदूतले जस्तो गाउन सक्यौ, तर अझै पनि कतै कमजोरी छ। त्यहाँ एक कमजोरी छ, किनभने तिनीहरु मानिसको सिद्धान्त र भरमाउने आत्माहरुको पछि लागेका छन्, परमेश्वरको वचनमा फर्कनुको सट्टा। तिनीहरुले कुराहरु संसार जस्तै ढाँचा बनाउन प्रयास गर्छन्। तिनीहरुले हलिउडमा जस्तै, यसको माथि चम्किलो बत्तीहरु राख्ने प्रयास गरेका छन्।

55 यहाँ अर्को दिन, एउटा प्रसिद्ध साम्प्रदाय, कन्सास शहरमा पूर्ण सुसमाचार क्षेत्र, वा, माफ गर्नुहोला, डेनभरमा, सम्मेलनमा, एउटा मिलियन डलरको मण्डली निर्माण हुँदैछ। र हजारौ मिसनरीहरु तही सम्प्रदायबाट पचास सेन्ट पर्खिरहेका छन्, सुसमाचार अविश्वासीहरुमा लैजानको निम्ति। आज हामीलाई के चाहिन्छ भने एउटा मिसनरी–दिमाग, परमेश्वरले–

पठाएको, पवित्र–आत्माले–जन्म भएको जागृती, जोसँग परमेश्वरको जोश छ, पारी बाहिर जंगलसम्म जान र परमेश्वरको निम्ति केहि गर्नसक्छ, ठूला, राम्रा मण्डलीहरु निर्माण गर्न र छिमेकीलाई बाहिर निकाल्ने प्रयास गर्नको साट्टो।

56 म बरु एउटा मिशनमा आराधना गर्छु, जुन यो बगाईएको छ, वा एउटा बारको कोठामा, र पवित्र आत्माको स्वतन्त्रता र परमेश्वरको प्रेम हृदयहरुमा ज्वलन्त भएको चाहन्छु, संसारमा हामीले पाएको सबैभन्दा ठूलो क्याथेड्रलमा बस्नु भन्दा र मानिसको सिद्धान्त र विधर्महरुमा फस्नुभन्दा। हामीलाई आज एक हल्लाउने जागृती चाहिन्छ, फर्केर सत्यतामा जान, फेरी परमेश्वरको वचनमा फर्किन।

57 अब, जब तिनीहरु त्यहाँ बाहिर पुगे, र यो केहि समय पछि हो जब यहोशापात उनी कहाँ आएर भने, "के...ठिक छ, यस बारे प्रभुसँग परामर्श गरौँ।"

58 उनले भने, "ठिक छ," अहाबले गरे, र उनले तल पठाए र सय, चार सय राम्रा प्रशिक्षित प्रचारक ल्याए। र उनले तिनीहरुलाई त्यहाँ माथि ल्याए र भने, "यिनीहरु सबै अगमवक्ताहरु हुन्।"

59 र त्यसैले तिनीहरुले आफ्नो कुरा जप्न थाले, र तिनीहरुले पुकार गर्न थाले। र तिनीहरुले भने, "हो, तपाई माथि शान्तिका साथ जानुहोस्। परमप्रभु तपाईसँग हुनुहुन्छ।"

60 र ती सबै चार सयले तिनीहरु माथि जान मिल्छ भनि साक्षी दिईसकेपछि, यद्धपि यहोशापातलाई थाहा थियो...के तपाईले बुझ्दै हुनुहुन्छ? हेर्नुहोस्, तल त्यस धार्मिक मानिसको हृदयमा त्यहाँ केहि कुराले उनलाई भन्यो त्यहाँ केहि कुराको कमि छ। केहि त गडबड छ।

61 अहाबले भने, "अब हामीसँग चार सय जना छन् यहाँ, र एकै सहमतिमा छन्, ती मध्ये सबैले भन्छन्, 'जानुहोस्, परमप्रभु तपाईसँग हुनुहुन्छ।'"

तर यहोशापातले भने, "के तपाईहरुसँग अझै एउटा छैन?"

62 उनले भने, "ठिक छ, हामीलाई अझै एउटा के को लागि चाहिन्छ, जबकि हामीले देशमा चार सयवटा उत्कृष्ट शिक्षित मानिसहरु पाएका छौ? तिनीहरु सबैले भन्दैछन् 'जानुहोस्!'" त्यो बुद्धि थियो। तर तल यहोशापातको हृदयमा उनलाई थाहा थियो कि त्यहाँ केहि समस्या थियो।

अब, उनले भने, “हामीसँग अझै एउटा छ, ऊ मिकाया हो। तर म उसलाई घृणा गर्छु।” भने, “उसले सधै केहि न केहि खराब भनिरहेको हुन्छ, र जब उसको कुनै काम हुदैन त्यो बेला बोलिराख्छ, र उसले मण्डली र सबैकुरालाई गिराईरहेको छ।” भने, “म त्यसलाई घृणा गर्छु।”

भने, “गएर, उसलाई ल्याऊ, र हेरौ उसले के भन्नेछ।”

63 र जब मिकाया माथि आए, उनले भने...तिनीहरुले भने, “अब, हेर, तिमीले अरुले जे भनेको त्यहि भन।”

64 उनले भने, उनले भने, “म मात्रै...” यहाँ यो छ। “यसले त्यहि मात्रै भन्छ जे परमेश्वरले भन्नुहुन्छ।” आमेन। “तपाईको अगमवक्ताले के भने त्यसले केहि फरक पार्दैन, र *यसले* के भन्छ, र तपाईको मण्डलीले के भन्छ, र तिनीहरुले के भन्छ, म परमेश्वरले जे भन्नुहुन्छ त्यहि भन्छु। परमेश्वरले मेरो ओठमा राखिदिनुभयो र उहाँले जे भन्नुहुन्छ म त्यो भन्नेछु।” आज हामीलाई के चाहिन्छ भने अरु केहि मिकायाहरु जसले परमेश्वरले के भन्नुभयो त्यो भन्नेछन्। ध्यान दिनुहोस्, त्यसैले तिनीहरुले उनलाई त्यहाँ माथि ल्याए, र उनले भने, “मलाई आज राती दिनुहोस्।” त्यसैले त्यस रात परमप्रभुले मिकायालाई भेट्नुभयो, र उनी अर्को बिहान आए। जब दुई राजाहरु ढोकामा बसे, उनले भने, “माथि जानुहोस्।” भने, “माथि जानुहोस्, तर,” भने, “मैले इस्राएललाई एउटा गोठालो नहुदा तितरबितर भएको भेडा झैँ देखे।”

65 त्यसैले यो एउटा प्रचारक, सबै पोशाक लगाएर, माथि गए र उनको मुखमै हाने, र भने, “परमेश्वरको आत्मा कुन बाटोमा जानुभयो जब उहाँ मबाट बाहिर जानुभयो?”

भने, “तपाई जब फर्कनुहुन्छ तब थाहा पाउनुहुनेछ।” हो।

66 तिनले भने, “यहाँ सुन्नुहोस्!” तिनले भने, “हामीहरु परमेश्वरका दासहरु हौँ। हामीहरु चार सयजना छौ, र तिमी एकजना छौ।”

67 तर मिकायाले भने, “म तिमीहरुको समस्या कहाँ छौ भनिदिनेछु।” आमेन! भने, “मैले एउटा दर्शन देखे।” आमेन! उनले भने, “अनि मैले परमेश्वरलाई उहाँको सिंहासनमा बसिरहनुभएको देखे। मैले उहाँको वरिपरी स्वर्गका सेना उभिरहेका देखे। र हामीलाई थाहा छ कि परमेश्वरको वचनले यस मानिसमा श्राप दिनुभएको छ, उसले गरेको कामहरुले गर्दा।”

68 परमेश्वरले जे लाई श्राप दिनुभएको छ त्यो तपाईले आशिष दिनसक्नुहुन्न, न त परमेश्वरले आशिष दिनुभएको कुरालाई शैतानले श्राप दिन सक्छ। यो एउटा व्यक्तिगत मामिला हो, चाहे तपाई जति नै गरीब वा मूर्ख होस्, जति नै अशिक्षित होस्, कती अनपढ होस्। जे परमेश्वरले आशिष दिनुभयो त्यो आशिषित भयो। जे परमेश्वरले श्राप दिनुभयो त्यो श्रापित भयो। के सहि हो र के गलत हो त्यो भिन्नता छुट्टाउन जान्नुहोस्।

69 मिकायालाई राम्ररी थाहा थियो र ती प्रचारकहरुमा भएको परमप्रभु हुनुहुन्नथ्यो भन्ने राम्ररी थाहा थियो। ठिक छ, ती प्रचारकहरुलाई के भएको थियो? ध्यान दिनुहोस् तिनीहरुले के गरे। तिनीहरुले राम्रो पोशाक लगाएका थिए। तिनीहरुलाई उत्तम चिज खुवाईएको थियो। तिनीहरुको पार्टीहरु र अन्य त्यस्तै कुराहरुमा तिनीहरु, तिनीहरुका गठबन्धनहरु सँगै आएका थिए, त्यो ठाउँसम्म गए जहाँ तिनीहरुले केवल आफ्ना धर्मज्ञानहरु मात्र जाने। र बाईबलले भन्यो कि मिकाया, जब उनले दर्शनलाई हेर्दै थिए, उनले भने, "परमेश्वरले भन्नुभयो, 'हामी त्यहाँ तल गैर अहाबलाई ढोका दिने को हुनसक्छ?' र एउटा झुटको आत्माले भन्यो, 'म त्यहाँ तल जानेछु र ती प्रचारकहरुद्वारा अहाबलाई भरमाउनेछु, अहाबलाई त्यहाँ बाहिर जाने बनाउछौ, परमेश्वरको वचन पूरा हुन दिनको निम्ति।'"

70 अब, आज कति धेरै मानिसहरुले सुन्दैछन्...(अब, आईतबारे स्कूल, मलाई यो मनपर्छ।) हेर्नुहोस्, धेरै मानिसहरुले परमेश्वरको वचन लिनुको सट्टामा भरमाउने आत्माहरुलाई सुनिरहेका छन्। आत्माहरु, तिनीहरु संसारमा छन्। तिनीहरु दुष्टहरु हुन्। र तिनीहरु ठाउँ–ठाउँमा जान्छन् अनि तिनीहरु मानिसहरु, सेवकहरुको बीचमा जान्छन्। तिनीहरु मण्डलीका सदस्यहरुका बीचमा जान्छन्। तिनीहरु राम्रा मानिसहरुको बीचमा जान्छन्। र तिनीहरुले तिनीहरुलाई, एउटा भ्रममा पर्ने बनाउन्। र तिनीहरुले कुराहरु भन्छन्, र कामहरु गर्छन्, र कुराहरु सिकाउँछन्, र कुराहरु अभ्यास गर्छन्, जुन परमेश्वरको वचन विपरित छ। आज, तिनीहरुका मण्डलीका सेवकहरुले तिनीहरुका मानिसहरुलाई मण्डलीहरुमा कार्ड खेल्न अनुमति दिईरहेका छन्, तिनीहरु मध्ये धेरैले। अब, यो पुरै क्याथोलिक होइन, त्यहाँ धेरै प्रोटेस्टेन्टहरु छन् जसले यो गर्छन्।

71 तिनीहरुले गर्न खोजेका कुरा प्रतिस्थापन हो। तिनीहरुले कुनै नयाँ योजना अपनाउन खोजेका छन्। तिनीहरुले शिक्षा अपनाउने प्रयास गरे,

पवित्र आत्माको स्थान लिन। तपाईको मानिस चाहे जतिसुकै शिक्षित भए पनि, तपाईले यो गर्न सक्नुहुन्न। मलाई लाग्छ उनको लागि शिक्षित हुन राम्रो कुरा हो। तर यदि उसले पवित्र आत्मा पाएको छैन भने, उसको शिक्षाले उसलाई केहि फाईदा गर्दैन। शिक्षाले पवित्र आत्माको नेतृत्वको स्थान कहिल्यै लिने छैन। आमेन।

72 ध्यान दिनुहोस्, तिनीहरु, यसको सट्टामा, हामीसँग हुने गरेको पुरानो समय अनुभव लागि तिनीहरुले हात मिलाउने कुरा अपनाउने कोशिष गरे। आज मण्डली आधुनिक भएको छ। तिनीहरु हिड्छन् र संगतिको तिनीहरुको दाहिने हात दिदछन्, र तिनीहरुले त्यसरी गर्दछन्। तर यसले पुरानो सामनाको शोक गर्ने बेन्चको ठाउँ कहिल्यै लिने छैन जहाँ पापीहरु बोलाइन्छ र परमेश्वरसँग ठिक हुन्छ। त्यो सहि हो।

73 तिनीहरुले आज परमेश्वरको दशांशको ठाउँ लिन खोजिरहेका छन्। तिनीहरुले केहि कुरा अपनाउन खोजिरहेका छन्। तिनीहरुले यसलाई फरक बनाउन खोजिरहेका छन्। तिनीहरु तल जान्छन् र मण्डलीमा बन्को खेल खेल्छन्, चिट्ठा खेल्छन्। परमेश्वरको दशांशको स्थान चिट्ठाले कहिल्यै पनि लिन सक्दैन। भोज, कम्बल बिक्रि, बनभोज, विभिन्न ऋण तिर्न पैसा उठाउछन्, यसले परमेश्वरको अनन्त दशांश र भेटिको ठाउँ कहिल्यै लिने छैन। यसले कहिल्यै गर्ने छैन। तरै पनि हामी यो कोशिष गर्दैछौ।

74 यो के हो? यो तल आउदै गरेको भरमाउने आत्माहरु हो, विकल्प–... विकल्प खोज्न परमेश्वरको वचनको सट्टामा केहि कुराले प्रतिस्थापन गर्न खोज्दैछ। परमेश्वरसँग उहाँको वचनको लागि कुनै विकल्प छैन। यो अनन्त र सदाको निम्ति हो। परमेश्वरसँग विश्वासलाई प्रतिस्थापन गर्ने केहि पनि छैन। विश्वासको कुनै विकल्प छैन। आशाले विश्वासको स्थान कहिल्यै लिने छैन। विश्वास एक मात्र हो। यो एक्लो खडा हुन्छ। यसले कहिल्यै पनि लिनेछैन... आशाले कहिल्यै पनि यसको स्थान लिनसक्दैन। आशा भनेको आशा गरिएका चिजहरुको वस्तु हो, नदेखिएका कुराहरुको प्रमाण हो, वा विश्वास हो, विश्वास। बुझ्नुभयो? आशा एउटा कुरा हो; विश्वास अर्को। आशाले यसको आशा राख्छ; विश्वासले पाएको छ। एउटा चाहि बौद्धिक विश्वास हो; अनि अर्को चाहि परमेश्वरको प्रत्यक्ष प्रकाश हो। यसले कहिल्यै पनि यसको ठाउँ लिनेछैन। हामीहरु कोशिष गर्दैछौ, तर हामीले यी सबै विकल्पहरु बनाईरहेका छौ।

75 हामीले प्रचारकहरुलाई पठाउन छोडेर ठूला मण्डलीहरु निर्माण गर्ने प्रयास गरिरहेका छौ। अर्को प्रतिस्थापन। येशूले कहिल्यै पनि कसैलाई मण्डली बनाउनको निम्ति नियुक्त गर्नुभएन। यो बाईबलमा कहिल्यै पनि आज्ञा गरिएन। हामीले सेमिनारिजहरु राखेका छौ, तिनीहरुले त्यसले मिसनरीहरुको ठाउँ लिने बनाए। हामी...येशूले कहिल्यै पनि हामीलाई एउटा सेमिनारी बनाउनको निम्ति भन्नुभएन। तिनीहरु सबै ठिकै छ। शिक्षा, त्यसको स्थान लिनको लागि प्रयास गर्दैछौ। यसले कहिल्यै पनि गर्ने छैन। येशूको आज्ञा “सारा संसारमा जाओ र सबै जातीलाई सुसमाचार सुनाओ,” अन्त्यको दिनको लागि। त्यसैले सबै विकल्पहरु जुन हामीसँग छ त्यसले कहिल्यै पनि वास्तविकको ठाउँ लिन सक्नेछैन।

76 अर्को दिन मसँग एउटा अनुभव थियो, एउटा प्रतिस्थापन। मेरो पहिलो दाँत दुखाई भएको थियो, मैले दाँत बाहिर निकाल्न पर्ने भयो। आज बिहान मैले त्यहाँ नक्कली दाँत टाँसे। म बोल्न पनि सक्दिन। यसले कहिल्यै पनि सच्चाको ठाउँ लिनेछैन। होइन, श्रीमान! ओ, मेरो!

77 तपाईले एउटा मानिसलाई लिएर उसलाई लुगा लगाईदिन सक्नुहुन्छ, उसलाई काठ, चक, जे केहि पनि तपाईले चाहनुहुन्थ्यो, र उसलाई सधै ठिक तरिकामा राख्नुहोस्। उसमा कुनै भावना छैन, कुनै विवेक छैन। उसले कहिल्यै पनि कुनै वास्तविक मानिसको स्थान लिन सक्दैन। न त झुटो रूपान्तरण भएकाहरु जानेछ जुन माथि हिड्छ र भन्छ, “म मण्डलीमा सामेल भएको छु। म अझै राम्रो गर्ने कोशिष गर्नेछु।” यसले कहिल्यै पनि सच्चा पुरानो शैलीको, परमेश्वरले पठाउनुभएको, पवित्र आत्माले रूपान्तरण भएकोको ठाउँ लिनेछैन जसले मानिसलाई आफ्नो हृदयमा फरक बनाउँछ। यसले यो गर्न सक्दैन, किनभने त्यसमा कुनै जीवन नै छैन। त्यहाँ उसलाई जीवन दिनको लागि केहि छैन।

78 यहाँ धेरै समय अघि महान कलाकारले यो ल्याउनुभएको मैले देखेको थिए, मूर्तिकार, मेरो मतलब, जसले मोशाको यो तस्बिर बनाउदछ। उहाँको नाम अहिले बोलाउन सक्दिन। उहाँ एउटा ग्रीक कलाकार हुनुहुन्छ। उहाँको जीवन खर्चियो। र जब उहाँले यो पाउनुभयो जहाँ उहाँले यो एकदम सहि सोच्नुभयो, उहाँ मोशाको प्रतिमामा एकदम उत्साहित हुनुभयो, त्यसैले उहाँले यसको घुँडामा हान्यो, र भन्नुभयो, “बोल्नुहोस्, मोशा!” यो यत्ति वास्तविक देखिन्थ्यो! यो यस्तो ढाँचा र सिद्धतामा आयो कि यो लगभग

मोशा जस्तै नै देखियो, उहाँको विचारमा, कि उहाँले यसली हथौडाले प्रहार गर्नुभयो ताकी यसमा भावना बनाउनको लागि।

79 मण्डलीको दिमागमा राख्छ। चाहे तपाईले जति सुकै प्रतिस्थापन गर्नुभयो, चाहे जति नै ठूलो एउटा मण्डली पाउनुभयो, कति राम्ररी तपाईले गीत गाउनसक्नुहुन्छ, कति राम्रो तपाईको मण्डलीले पोशाक लगाउछन्, चाहे जति नै सुकै तपाईले *यो*, *त्यो*, वा *अर्को* पाउनुभएको छ, तपाईले प्रहार गर्न सक्नुहुन्छ, महसूस गर्न सक्नुहुन्छ, या जे केहि पनि होस्। यसले जीवनको स्थान कहिल्यै पनि लिन सक्दैन, जबसम्म ख्रीष्ट पवित्र आत्माको रूपमा त्यो मण्डलीमा आउनुहुन्न, र नयाँ गरी जन्मेको नयाँ अनुभव दिन्छ। यसले कहिल्यै पनि परमेश्वरको वचनको स्थान लिन सक्दैन। परमेश्वरको वचन मात्रै खडा हुन्छ।

80 मिकायासँग वचन थियो। उनीसँग वचन थियो भन्ने उनलाई थाहा थियो। उनीसँग वचन लेखिएको थियो, उनीसँग एउटा दर्शनद्वारा पनि यो थियो। उनलाई परमेश्वरले आफ्नो वचनमा के भन्नुभएको थियो भन्ने थाहा थियो। उनलाई परमेश्वरले दर्शनद्वारा के भन्नुभयो त्यो थाहा थियो। तिनीहरु दुवै सँगै आए। यो सत्य थियो भन्ने उनलाई थाहा थियो, त्यसैकारणले उनी डराएका थिएनन्।

81 तर यो भरमाउने आत्मा, यसले के गर्यो हेर्नुहोस्, आज। धेरै मण्डलीका सदस्यहरु बनाउन, उत्तम मण्डलीका सदस्यहरु बनाउन, यसले सबै पुरानो–शैलीका पवित्र आत्माको शिक्षामा तल ल्याएको छ। यसले मानिसहरुलाई एक अर्कामा सामाजिक पार्टीहरु गर्न अनुमति दियो, तल तहखानामा जहाँ उनीहरुले खेल खेल्छन्। त्यसले कहिल्यै पनि माथिल्लो कोठालाई प्रतिस्थापन गर्नेछैन, जहाँ तिनीहरुले पवित्र आत्माको निम्ति प्रार्थना गर्दै थिए। यसले महिलाहरुलाई संगै आएर चुटकिला र त्यस्तैकुराहरु भन्न अनुमति दियो, र त्यहाँ धेरै वकवासहरु छन् जुन बाकि छैन। त्यसले कहिल्यै पनि प्रार्थनाको भेलाको ठाउँ लिनेछैन। महिलाहरु, तिनीहरु आज जुन तरिकामा बाहिर जान्छन् र लुगा लगाउछन्, यो—यो एउटा अपमान हो।

82 मैले भाई नेभिलले गर्नुभएको टिप्पणी सुनेको थिए, भन्नुभयो, “गरीब अमेरिकी मानिसहरु,” भन्नुभयो, “तिनीहरुले आफ्ना सबै लुगाहरु विदेशमा पठाएका छन्।” त्यो सहि हो। तिनीहरु आफ्ना भित्रि वस्त्रहरु सहित

चारैतिर हिडिरहेका छन्। तिनीहरु...त्यो सहि हो। तिनीहरुले त्यसलाई मिसनरीहरुलाई दिएको भए हुन्थ्यो, किनभने मिसनरीहरु...अन्य देशका जनतार अन्य अविश्वासीहरुले त्यो लगाईरहेका छन्। यी मानिसहरु तिनीहरु बिना गर्दैछन्, तिनीहरुलाई यो मनपर्छ जस्तो देखिन्छ।

83 म तपाईलाई भन्नेछु, त्यहाँ केहि कुरा विकृत भएको छ, र त्यो प्रभु येशू ख्रीष्टको सुसमाचारको प्रचार हो। यो दुष्टहरु हुन् जसले तपाईको लुगाहरु फुकाल्छ। त्यहाँ कहिल्यै थिएन तर बाईबलमा एकजना जसले आफ्नो सबै लुगाहरु सधै च्यात्थ्यो, त्यो एक व्यक्ति हो जसलाई प्रेत–आत्मा लागेको थियो। र ऊ आज हल्का रुमा आउँछ, जस्तो कि ऊ सामाजिक छ, जस्तो ऊ राम्रो छ, जस्तो कि यो सबै ठिक छ। "यो राम्रो छ, र यसले तपाईलाई राम्रो बनाउँछ यदि तपाईले आफ्नो लुगा फुकाल्नुहुन्छ भने।" मानिस माथि–र–तल गजहरुमा हिड्छन्, र अर्ध नग्न, महिला पनि त्यस्तै गरी। किन, तपाईहरु त्यो ठाउँमा जाँदै हुनुहुन्छ जहाँ एउटा कुकुरहरुको भन्दा बढि सम्मान छैन, एक अर्काको लागि। के भयो? म तपाईलाई चोट पुर्याउन खोजेको होइन। म केवल तपाईलाई यो दुष्टले काबू बारेको भन्न खोज्दैछु, र तपाईले त्यो भरमाउने आत्मालाई सुन्दै हुनुहुन्छ जसले भन्दैछ, "त्यो सबै ठिकै छ," तर यो एउटा झुट हो।

84 गहुँको दानाले मात्रै गहुँ उत्पादन गर्छ। यदि तपाई इसाई हुनुहुन्छ भने, तपाईले त्यो गर्नुहुनेछैन। तपाईले यो गर्न सक्नुहुन्न। तपाईले यो मात्रै गर्न सक्नुहुन्न। तपाईसँग बौद्धिक विश्वास पाउनुभयो र भन्नुहुन्छ, "भाई ब्रन्हाम, म बाईबलमा विश्वास गर्छु।" तपाईको जीवनले तपाईले गर्नुहुन्न भन्दछ। आमेन। परमेश्वरको वचन प्रचार गर्ने भरमाउने आत्माहरु।

85 उनलाई उनी कहाँ खडा थियो भनि थाहा थियो। मिकायालाई थाहा थियो। ऊसँग परमेश्वरको वचन थियो। उनी एकदम अप्रसिद्ध मानिस थिए। उनलाई कसैले रुचाउदैनन् थिए किनभने उनले सत्य बोलेका थिए, यद्धपि तिनीहरुले यी प्रचारकहरुलाई रुचाए।

86 अब, अर्को कुरा जुन भएको छ। र विश्वास गर्छु र सोच्छु कि कुनै पनि मानिस जसले परमेश्वरसँग एउटा अनुभव पाएको छ, वा एउटा महिला, अलिकति भावुक हुन अनुबन्धित छ। म केवल यो विश्वास गर्छु। त्यो सहि हो। तर तपाईलाई थाहा के? तिनीहरुले पवित्र आत्माको बप्तिष्मालाई भावनात्मकताको रूपमा अपनाएका छन्। तिनीहरुले केवल धेरै आवाज

पाएका छन्, र यसमा त्यो केहि छैन। तपाई जति कोलाहलमा जिउनुहुन्छ उत्ति पवित्र जीवन जिउनुहुन्छ, तब तपाई एकदम ठिक हुन्छ। भावना निश्चित रूपमा ठिक छ; "शारीरिक अभ्यासले थोरै फाईदा गराउँछ।" तर भरमाउने आत्माहरु मानिसहरुको पवित्र समूहमा पुगेका छन्, र तिनीहरुले त्यसलाई केवल "किनभने तिनीहरु चिच्याउन सक्छन्" भन्ने कुरामा राखेका छन् वा "किनभने तिनीहरु नाच्न सक्छन्, किनभने तिनीहरुले भावना बनाउनसक्छन्।"

87 त्यहाँ तल त्यो बुढो साथी, ती अगमवक्ताहरु मध्येको प्रमूख, प्रचारक, उनी सहि थिए भन्ने कुरामा उनी निश्चित थिए, कि उनलेआफ्नो लागि एउटा सिङको जोडि बनाए र त्यसको चारैतिर नाचे, र ठूलो हंगामा मच्चायो। उनले अरू अश्शूरका सेनालाई देशबाट निकाल्न जाँदै थिए। तर यो एउटा झुट थियो! परमेश्वरको वचनले फरक भनेको थियो। आमेन। हेर्नुहोस्, तपाई ठिक तरिकाले भावुक हुनसक्नुहुन्छ, यदि तपाईले यसको पछाडि सहि प्रकारको भावना छ भने, सहि प्रकारको भावनाले तपाईको भावनालाई चलाउदै।

88 दाऊदले परमप्रभुको अगाडि नाचे, र उनकी पत्नी उनी माथि हासिन्। र परमेश्वरले स्वर्गबाट तल हेर्नुभयो, भन्नुभयो, "दाऊद, तिमी मेरो आफ्नो हृदय मानिस हौँ।" तर उनको अभिप्राय सहि थियो। उनको जीवन सहि थियो, यसको पछाडि।

89 त्यसैले, हामी भावुक हुन सकेकै कारणले, तपाई बाच्नु भएको छ भन्ने हुदैन। किनभने हामी मण्डलीमा जान्छौ, त्यसको अर्थ हामी बाचेका छौ भने होइन। ती भरमाउने आत्माहरुलाई विश्वास नगर्नुहोस्। एक परमेश्वरको सच्चा आत्मा, परमेश्वरको वास्तविक वचन, नै परमेश्वरको सत्यता हो; जुन परमेश्वरको एउटा बीउ हो, त्यसले तपाईको जीवनमा परमेश्वरलाई उत्पादन गर्नेछ; ईश्वरीय, सन्त, पवित्र हुनेछ।

90 धेरै मानिसहरुको बीचमा हामीले जहाँ भावनाहरु छन्, र त्यस्तै, त्यहाँ गाली गर्ने र गिल्ला गर्ने, र सबै खाले अधर्मी चीजहरु हुन्छन्। भाई, त्यो मण्डलीमा सल्फ्युरिक एसिड हो। यो शैतानको शक्ति हो। पुरुष र महिलाहरुको आत्मा जो एकअर्काको बीचमा हुन्छन्, र धकेल्न प्रयास गर्छन्, भन्नुहुन्छ, "*यो* सहि होइन, र *यो* सहि होइन, र *त्यो* सहि होइन।" यदि तपाईले यसलाई पछ्याउनुहुनेछ भने, दस मध्ये नौ पटक हचल गर्ने व्यक्ति त्यहि हो, त्यो सहि होइन। आमेन। भाईहरुको बीचको कलहलाई

परमेश्वरले घृणा गर्नुहुन्छ। आदरणीय हुनुहोस्, पवित्र हुनुहोस्, परमेश्वरलाई प्रेम गर्नुहोस्, उहाँको साथमा उभिनुहोस्। र जबसम्म तपाई जान्नुहुन्छ कि तपाईको जीवन बाईबलसंग विभाजित छ, हृदयको शुद्धताका साथ, विचारको शुद्धताका साथ, तपाईको भाई प्रति माया राख्नुहोस्, परमेश्वरको राज्यको निर्माण गर्न सक्दो प्रयास गर्दै, र ती कुराहरु गर्दै, सहि लुगा लगाउदै, सहि जीवन बिताउने, सहि कुरा गर्ने, सहि ठाउँहरुमा जाने, तब तपाईले चाहनु भएको सबै भावनाहरु लिन सक्नुहुन्छ, अनि सबै जनाले यो विश्वास गर्नेछन्।

91 येशूले भन्नुभयो, "तिमीहरु पृथ्वीका नुन हौ। यदि नुनले आफ्नो स्वाद गुमायो भने, यो केहि कुराको लागि पनि लाभदायी हुदैन, यो बाहिर फालिन्छ र मानिसको खुट्टामुनि कुल्चिनेछ।" यदि तपाई एक्लै नुन हुनुहुन्छ भने, यो राम्रो छैन। तर तपाईसँग यसमा स्वाद छ भने, तपाई नुनिलो हुनुहुन्छ र संसार तिर्खाउनेछ। तपाई नुनिलो हुनुहोस्, तिनीहरु तिर्खाउनेछन्। ओ, प्रभु!

92 भरमाउने आत्माहरु अगाडि बढ्दैछ, दुष्टहरु भेष बद्लेर आउदैछ। हेर्नुहोस्, हामीहरु अन्तिम दिनमा छौ। हामीहरु अन्तिम समयमा छौ। संसार भर्खरै आफ्नो शिरमा आउन लागेको छ, एउटा दुखेको फोदा जस्तै जुन यी दिनहरु मध्ये एकमा विस्फोट हुनेछ र गुदी त्यसबाट बाहिर निस्कन्छ। यो फोहोर बनेको छ। यसलाई निको पार्न सक्ने केहि पनि छैन। तिनीहरुले—सिरमलाई इन्कार गरेका छन्। तिनीहरुले उपचारलाई अस्वीकार गरेका छन्। तपाईले त्यहाँ उब्जिएको फोहोरलाई लिनुहोस्, र यदि तपाईले यसलाई हटाउन पेनिसिलिन या केहि कुरा लिनुहुन्नभने, वा केहि अर्कै, यो नफुटेसम्म यो बढि नै रहनेछ।

93 त्यहि नै संसारले गरेको छ। यो शुरू भयो, धेरै भएको छैन, तल गयो। तिनीहरु ठूला विचारहरु तर्फ तर्केर गए, झुटा आत्माहरु भित्र आउन थाले र मानिसहरुलाई *यो, त्यो*, वा *अर्को* भनि बताउन थाले। हामीहरु नौ सय र केहि भिन्न सम्प्रदायहरुमा टुक्रियौ, हरेक जना भिन्न विचारका साथ। तिनीहरुले भन्छन्, "हामी *यो* विश्वास गर्छौ, अवधि! त्यहि नै हो जुन हामीले विश्वास गर्छौ।" तिनीहरुले पवित्र आत्मालाई भित्र आउन दिन सक्दैनन्। तिनीहरुले सहि–मार्ग पाउन सक्दैनन्। परमेश्वरले केहि झुण्ड मानिसहरु पाउनुभएको छ जसले चिच्याउन सक्छन्, त्यसपछि

सबैले चिच्याउनुपर्छ। तिनीहरुले केहि पाएका छन् जसले अन्यभाषाहरुमा बोल्छन्, त्यसपछि सबैले अन्यभाषाहरुमा बोल्नुपर्छ। तिनीहरुले सबै यस्तो प्राप्त गरे, तबसम्म कि यो (के?) यो भरमाउने आत्माहरुले तिनीहरुलाई दूषित पारे, मानिसहरुलाई यी भावनाहरु गर्नको निम्ति लोभ्याउदै जबकि तिनीहरुमा यसमा कुनै परमेश्वर नै हुनुहुन्न। तब तिनीहरु बाहिर जान्छन् र तिनीहरुले जस्तो चाहना गरेको त्यस्तो जीवन जिउछन्, र त्यसलाई “इसाई” भनि बोलाउछन्।

94 र संसारले बसेर हेर्छ, भन्छ, “ठिक छ, त्यहाँ हेर्नुहोस्! म तिनीहरु जस्तै नै छु।”

95 जसरी मैले अर्को राती ठूलो सुँगुरको बारेमा भनेको थिए, पापीको बारेमा। तपाईले दोष लगाउन सक्नुहुन्न...एउटा पापी एक पापी हो। उसलाई सुधार्ने कोशिष नगर्नुहोस्। उसलाई *यो, त्यो* वा *अर्को* भन्ने कोशिष नगर्नुहोस्। ऊ एउटा पापी हो, शुरू गर्नको लागि। ऊ एउटा सुँगुर हो, शुरू गर्नको लागि। उसलाई कुनै भिन्नता नै थाहा छैन। यदि ऊ चलचित्रहरुमा जान्छ, र ऊ आईतबार जान्छ, र ऊ भकुण्डो खेलमा जान्छ, र उसले यी सबैकुराहरु गर्छ, ऊ एउटा पापी हो, शुरू गर्नको लागि। उसको स्वभाव सुँगुरको जस्तो छ। पुरानो सुँगुरले आफ्नो नाकलाई मलको थुप्रोमा टाँस्छ र त्यसबाट भएका सबै अन्न, र सबै खान्छ; ठिक छ, कि, ऊ एउटा सुँगुर हो। तपाईले उसलाई दोष दिन सक्नुहुन्न। ऊ एउटा सुँगुर हो। त्यहि तरिकामा पापीहरुसँग हुन्छ। तर जब तपाई गएर आफैलाई एउटा इसाई भन्नुहुन्छ, र उसका साथमा नाक टाँस्छौ भने, तब तपाई उहाँ भन्दा राम्रो हुनुहुन्न, तर, तपाई खराब हुनुहुन्छ। त्यसको बीचबाट बाहिर निस्किनुहोस्। दुनियाँलाई छोडिदेऊ। जान देऊ। केवल परमेश्वरलाई। जान देऊ।

96 तपाईले कसरी छोड्नुहुन्छ? कति मानिसहरु भौतारिरहेका छन् आज, भन्छन्, “ठिक छ, भाई ब्रन्हाम, तपाईले यो कसरी जान दिनुहोस्?” मलाई थाहा छ तपाईले यसमा धेरै धर्मशास्त्र ज्ञानहरु सुन्नुभएको छ, “जान दिनुहोस्।” धेरै मानिसहरुले छोड्ने प्रयासमा, पसिना बगाउँछन्। धेरै मानिसहरु वरपर आउँछन् र भन्छन्, “म चालिस दिने उपवासको लागि जानेवाला थिए ताकी म यो गर्न सकूँ भनेर।” तपाईलाई चालिस दिने उपवास गर्नु आवश्यक छैन। तपाईले संसार र यी सबै शैतानी कुराहरु जान दिन आवश्यक छ, र परमेश्वरको वचन तपाईको हृदयमा लिनुहोस्। तपाईले

त्यो कसरी गर्ने भनेर सिकाईनु जरूरी छ। तपाईले यो माथि–र–तल उफ्रेर गर्ने होइन, न त तपाईले एउटा चालिस दिने उपवास बसेर नै गर्ने हो। तपाईले यो सर्वशक्तिमान परमेश्वरलाई आत्मसमर्पण गरेको हृदयले गर्छौं।

97 एउटा सानो बालक जस्तै। मैले मेरो सानो बच्चालाई त्यहाँ देखे, उसको आमाले आज बिहान उसलाई आफ्नो सानो ज्याकेट, लगाईदिन खोज्दै थिईन्। उसले आफ्नो सानो पुरानो हात हातको बाहुलामा हाल्न चाहदै थियो। उसले आफ्नो हात त्यहाँ भित्र हाल्न सकेन; उसलाई थाहै छैन कसरी गर्ने भनेर। तपाईले उसको सानो हातलाई मार्गदर्शन गर्नुपर्छ। उसले आफ्नो हात त्यहाँ भित्र हाल्न चाहन्थ्यो, तर उसले केवल जतातते हात हाल्दै थियो। उसले कहिल्यै पनि बाहुलामा राख्न सकेन। उसलाई थाहा छ ऊ बाहुलामा छैन।

98 र त्यसैले के तपाईलाई थाहा छ तपाई परमेश्वरसँग सहि हुनुहुन्न भन्ने, जब कि तपाई अझै पनि कुरा काट्दै, झुट बोल्दै, सबैथरीका काम गर्दै हुनुहुन्छ। तपाई परमेश्वरसँग सहि हुन सक्नुहुन्न, कति धेरै मण्डलीको तपाई हुनुहुन्छ भन्ने कुराको मलाई मतलव छैन, जबसम्म तपाईको प्राण रूपान्तरण हुँदैन। भाई, त्यो पुरानो शैली हो, तर त्यसले त्यो उमालेर तपाईको प्राणमा सूप राख्नुहुन्छ। ठिक छ!

99 उसको पाखुरा भित्र हाल्ने प्रयास गर्छ, उसलाई मार्गदर्शन गर्नको लागि कोहि हुनुपर्छ, कसरी उसको हात भित्र राख्ने भनेर। त्यसपछि जब उसले आफ्नो हात उसको सानो ज्याकेटमा हाल्न सक्छ, उसलाई थाहा हुन्छ कि ऊ ठिक छ भनि।

100 त्यहि नै तरिकामा हुन्छ हरेक नयाँ गरी जन्मेको इसाईमा। जब ऊ साच्चै नै परमेश्वरमा पुग्छ, उसले आफ्नो जीवन परमेश्वरको वचनबाट हेर्छ र उसले थाहा पाउछ कि ऊ यसको हरेक अंशसँग मिलेको छ। उसँग सहनशीलता, कोमलता, शान्तता, नम्रता, शक्ति, विश्वास, प्रेम, आनन्द, शान्ति हुन्छ। ऊ समस्याग्रस्त समुन्द्र जस्तै फ्याँकिएको छैन। ऊ हरेक साना कुराहरुको बारेमा चिन्तित छैन। ऊ बतासे समुन्द्रमा बोतल रोक्ने झैं, *यहाँ* र *त्यहाँ* उफ्रिरहदैन। ऊ स्थिर छ। उसको हृदय शुद्ध हुन्छ। उसको विचारहरु पवित्र हुन्छ। उसको नियतहरु शुद्ध हुन्छ। उसको विकल्पहरु सहि हुन्छ। र उसलाई थाहा छ कि ऊ परमेश्वरको वचनसँग मिलापमा छ। सबै नरकले उसलाई हल्लाउन सक्दैन। ऊ परमेश्वरको वचनले पंक्तिबद्ध छ। उसमा हरेक

पुरुष र महिलाको लागि, ईश्वरीय प्रेम, हृदयमा पवित्रता छ। उसँग...ऊ संसारका चिजहरुबाट टाढा हुन्छ, ती सबैकुरा उनको लागि मरेका छन्; उसलाई ती कुराहरु अब चाहिदैन। किन, तपाईले पवित्र आत्माले भरेको केटिलाई तिनीहरुको एक जोडि अधर्मी देखिने लुगाहरु लगाउने र त्यहाँ बाहिर बिना काममा हिड्ने बनाउन सक्नुहुन्न। सक्नुहुन्न, श्रीमान।

101 अब, त्यहाँ गएर उनलाई तिमी गलत छौ भनि बताउन आवश्यक नै छैन, किनकि उनले तपाईलाई विश्वास गर्दिनन्, किनभने उनले जानेको त्यति नै हो। त्यो उनको आनन्द हो। महिलाले ती साना कुराहरु लगाउछिन्; तिनीहरु बाहिर निस्किन्छन्, साँझमा, ठिक तब जब पुरुषहरु घर आउँछन्; तिनीहरु केवल यार्डमा घाँस काट्न आउछन्, जस्तै...र मलाई भन्नुहोस् त्यो सहि हो? महिला, मैले तपाई दुष्ट हुनुहुन्छ—भन्न खोजेको होइन। तपाई अनैतिक हुनुहुन्छ भनि भन्न खोजेको होइन। तर तपाईले याद गर्नुहुदैन, बहिनी, कि त्यो अशुद्ध आत्माले तपाईले समातेको छ। तपाईले त्यो के को लागि गर्नुहुन्छ? तपाईलाई यो राम्रो होइन भन्ने काफि विवेक छ। यो तातो छ। त्यहाँ एउटा अशुद्ध आत्मा छ।

102 तपाई भन्नुहुन्छ, “म? म, म मण्डली गए!” नबुकदनेसर एक महान मानिस थिए। तर, ऊ घमण्डी भएको कारणले, परमेश्वरले उसलाई गोरुको आत्मा दिनुभयो, र उसलाई सात दिन वर्षसम्म घाँस खान दिनुभयो, र उसको नंगहरु बढेर यसरी आयो जस्तो यी महिलाहरु मध्ये केहि को छ यहाँ। त्यो सहि हो। र उसलाई दुष्टले समात्यो।

103 एउटा मानिसलाई दुष्टले समात्यो र आफ्नो लुगाहरु खोल्यो। तिनीहरुले उसमा लुगा लगाईदिन सक्दैन थिए। के तपाई देख्दै हुनुहुन्छ मैले के भन्दै छु? यी भरमाउने आत्माहरु हुन्।

104 तपाईको मण्डली यसको साथ नै जान्छ। तपाईको प्रचारक केहि भन्नको लागि डराउनुहुन्छ, तपाईले अब तपाईको दशांश तिर्नुहुन्न भनि डराउँछन्। त्यहि नै कारण हो। त्यो समस्या हो। हे, प्रभु! कसरी तपाईले ती बाजका झुण्डहरुलाई प्रचार गर्न जानुहुनेछ, जबसम्म तपाईले तिनीहरुलाई परिवर्तन र परमेश्वरसँग सहि पार्नुहुन्न, आरम्भमा? तिनीहरुले आफ्नो नाक हरेक समय सिनोहरुमा राख्नेछन्। तपाईलाई के चाहिन्छ भने फोहोर फाल्ने काम चाहिन्छ, अनि पुरानो–शैलीको सुधार तट देखि तटसम्म बडारेर जान्छ, र पुरुष र महिलाहरुलाई परमेश्वरमा सहि बनाउछ। खुकुलो

छोड्नुहोस्, संसारका कुराहरुलाई! खुकुलो छोड्नुहोस्, नरम र हल्का प्रचारलाई। आमेन। सुसमाचार प्रचार गर्नुहोस्। परमेश्वरले त्यसो भन्नुभयो। "यदि तपाईले संसारलाई प्रेम गर्नुहुन्छ भने, वा संसारका थोकहरुलाई, परमेश्वरको प्रेम तपाईमा छैन।"

105 मानिसहरु माथि–र–तल उफ्रिन सक्छन्, र रात भरी कराउछन्, र सुक्खा गाईको छालामा मटर खन्याए जस्तै गरी अन्यभाषाहरुमा बोल्न सक्छन्; ठिक बाहिर हिड्छन्, अर्को बिहान, अरुसँग लड्न पर्याप्त रिसका साथ हुन्छन्, सिधै बाहिर जान्छन् र मण्डलीमा केहि भन्छन् जसले पुरै मण्डलीलाई नै टुक्रयाउछ। यो संसारमा केहि नभएर भरमाउने, दुष्ट आत्माहरु हुन्! वचनमा फर्केर आउन चाहनुहुन्छ, जहाँ परमेश्वर शुद्धता, पवित्र हुनुहुन्छ। आमेन। त्यो सहि हो। भरमाउने आत्माहरुले परमेश्वरको वचन बोलिरहेका छन्!

106 यहाँ एक मानिस, धेरै समय भएको छैन, एउटा सानी महिला हुनुहुन्थ्यो...क्याथोलिकसँग त्यहाँ एक दर्जन बढि छन्। उनको राजोनिवृत्तिको समयमा, यो उनको हात र निधारमा बाहिर आउँछ। यदि एउटा असल पवित्र आत्माले भरेको प्रचारक...मलाई लाग्छ। त्यस मानिससँग चिजको एउटा बोतल, उनको हात बाहिर, त्यसले मानिसहरुलाई अभिषेक गर्दै घुमिरहेको थियो। ह्यु! दया! यो ख्रीष्ट विरोधी हो! उनको नाक वा टाउको बाट रगत आउछ या आउदैन मलाई त्यस कुरामा वास्ता छैन, वा कहाँ, भाई, त्यहाँ कुनै रगत छैन जसले परमेश्वरको पुत्र येशू ख्रीष्टको ठाउँमा लिनेछ। त्यो मात्र रगत हो जसको बारेमा मलाई थाहा छ। उनले एक हातबाट तेल, र अर्को हातबाट दाख मद्य बगाएको हुनसक्छ, तर, यदि तपाईले यो कुनै पनि रुपको धर्ममा प्रयोग गर्नुहुन्छ भने, यो शैतान हो। प्रचारकहरु त्यस्ता कुराहरुको लागि कसरी फस्छन् हेर्न!

107 हामीलाई के चाहिन्छ भने, मार्गदर्शन पुस्तकमा फर्केर आउने, परमेश्वरको वचनमा फर्केर आउने हो! यो परमेश्वरको वचन हो, पुरानो आशिषित बाईबल। भन्नुहुन्छ, "ठिक छ, म त्यो बन्न देखि डराउछु, भाई ब्रन्हाम। मलाई डर छ कि मैले मेरो केहि खुसी गुमाउनेछु।" के भयो? खुसी के हो तपाईलाई थाहा छैन।

108 मैले भनेको छु कि मैले पियक्कडलाई पिएकै कारणले निन्दा गर्दिन। ऊ पूर्ण मातेको छ। उसलाई थाहा छैन। ऊ माथि उठ्छ, एक बिहानी, ऊ

हराउँछ, र मातिएर बस्छ। बाहिर जान्छ र आफ्नो लागि दुई वा तिनओटा बोतल बियर ल्याउँछ, र बाहिर जान्छ र उसलाई केहि व्हिस्की, र सबै प्रकारका सामानहरु ल्याउछ।

सानो चुरोट पिउने पछाडि बस्छ र धुम्रपान गर्छ, र उसको नाकबाट उडाउछ जस्तै मालगाडिको रेल जस्तो। यति नै हो। म उसलाई दोष लगाउदिन; उसले जानेको सबै आनन्द नै त्यहि हो। उसले जानेको त्यति नै हो। ऊ एउटा सुँगुर हो, स्वभावबाट।

109 इसाई भएको दाबी गर्ने र आनन्दको लागि त्यस्ता कुराहरुमा भर पर्ने तपाईहरुलाई शर्म होस्, जब कि पवित्र आत्माको सुसमाचार अरु केहि नभएर आनन्दको एउटा ठूलो शक्तिगृह हो। पवित्र आत्माको सुसमाचार ती सबै मानिसहरुको लागि एक उत्तम नशा हो जो मात्तिरहेको छ। तपाईले येशू ख्रीष्टको सुसमाचारको पेय पिउनुहुनेछ, पवित्र आत्माले भरिनुहुन्छ, यो संसार नछोड्डुन्जेल तपाई मातिनुभएको छ, आमेन, अवर्णनीय आनन्द र महिमाले भरिपूर्ण। त्यहाँ एक निरन्तर उत्तेजना छ। यो निरन्तरको नशा हो, दिन र रात मातिएको! आमेन। त्यो परमेश्वरको वचन हो।

110 मण्डली वरिपरी आउंछ, अर्कै कुरा ग्रहण गर्छ। तिनीहरुसँग एउटा सानो पार्टी हुनुपर्छ जहाँ तिनीहरु सबै बाहिर समुद्रको किनारमा जान्छन्, मनोरंजनको लागि। एउटा कार्ड पार्टी भेटघाट, संगतिको लागि। त्यो सहि हो। एउटा नाच गर्छन्, कहिलेकाहि, एउटा सदस्यको घरमा, कहिले काहि मण्डलीको तहखानामा। एउटा नृत्य, अपनाउने, सन्तुष्ट गर्न एखी प्राप्त गर्न कोशिष गर्दै। के भयो? तिनीहरु सुँगुरहरुको ठूलो गुच्छा हुन्, जे भए पनि। शुरू गर्नको लागि, तिनीहरु सुँगुरहरु हुन्। यदि तिनीहरु कहिल्यै ख्रीष्टको सम्पर्कमा आए भने, तिनीहरुसँग यति धेरै आनन्द हुन्छ, ती चिजहरु मध्येरात भन्दा पनि मर्ने थिए, तिनीहरुको लागि। सुसमाचार, आत्माले मातिएको, अवर्णनीय आनन्द र महिमाले भरिपूर्ण।

111 पापीलाई निन्दा नगर्नुहोस्; ऊ माथि दया राख्नुहोस्। उसलाई अगाडि बढ्न दिनुहोस् र उसलाई धुम्रपान गर्न दिनुहोस्, उसलाई उसको पेय पिउन दिनुहोस्, उसलाई उसको तास पार्टी हुन दिनुहोस्। त्यो उसको खुसी हो। उसलाई दोष नदिनुहोस्। घर आउने र सबै कुराहरु, थकित र गलेको, उसले केहि आनन्द चाहन्छ। तपाईले गर्न पर्ने यति ईश्वरीय जीवन जिउनुहोस् कि तपाईले उसलाई प्रमाणित गर्न सक्नुहुन्छ कि उसको लागि

सुसमाचारमा, त्यो भन्दा दस हजार गुणा बढि छ। [टेपमा रिक्त स्थान—सम्पा।] र यदि ऊ त्यहि अवस्थामा मर्यो भने, ऊ नरकमा जानेछ, उसको रक्सीमा। त्यो शैतानको नशा हो। यदि ऊ मर्यो भने, त्यो पुरानो चुरोट तान्दै, परमेश्वर तिनीहरुको न्यायकर्ता हुनुहुन्छ। यदि ऊ मर्छ भने, यहाँ बाहिर हिडेर, नाच्दै, र अनैतिक पोशाक सहित चारैतिर दौडदै, परमेश्वर तपाईको न्यायकर्ता हुनुहुन्छ।

112 तर त्यहाँ एउटा कुरा छ, यदि तपाई पवित्र आत्माको शक्तिको अभिषेक मुनि मर्नुभयो भने, जसरी स्टेफनले गरे जब उनले परमेश्वरको मुहारमा हेरे, भने, "म स्वर्ग खोलिएको देख्छु, र येशू दाहिने हात पट्टि उभिरहनुभएको देख्छु," तपाई स्वर्गीय रूपमा बाँधीनुभएको छ, जसरी मार्टिन आफ्नो बक्ससँग थियो। आमेन।

113 परमेश्वरको वचनको प्रचार गर्ने भरमाउने आत्माहरु! जान दिनुहोस्, जान दिनुहोस्। "तपाईले कसरी गर्नुहुन्छ, भाई ब्रन्हाम?" केवल यतिकै जान दिनुहोस्। तपाईले गर्न पर्ने यति नै हो। परमेश्वरको वचन लिनुहोस्। कुनै पनि काम गर्ने कोशिष नगर्नुहोस्। तल वेदीमा बसेर पिट्दै, यसरी नकाराउनुहोस्, "परमेश्वर, मलाई पवित्र आत्मा दिनुहोस्! परमप्रभु, मलाई पवित्र आत्मा दिनुहोस्!" उहाँ आउनेवाला छैन, तपाई त्यो वेदीमा पिट्दैमा। त्यसले केहि फाइदा पुराउदैन। होइन। यो आउने तरिका त्यो होइन। यो, उहाँलाई उहाँको वचनमा लिनुहोस्!

114 पत्रुसलाई हेर्नुहोस्। पत्रुस समस्यामा थिए, उनी मर्न लागेका थिए। अनि तिनले प्रभुलाई, पानीमा हिड्दै आउनुभएको देखे। र उनले भने, "प्रभु, यदि यो तपाई हुनुहुन्छ भने, मलाई आउन दिनुहोस्।"

प्रभुले भन्नुभयो, "आऊ।"

115 अब पत्रुसले भने, "एक मिनेटको लागि पर्खनुहोस्, प्रभु, मलाई चालिस दिनको उपवास बस्न दिनुहोस्, यो हेर्न कि म त्यो पानीमा हिड्न सक्छु, वा सक्दिन। ओ प्रभु, मलाई पर्याप्त आत्मा ममा दिनुहोस्, ताकी म आत्मामा नाच्न सक्छु र अन्यभाषाहरुमा बोल्न सक्छ, यो डुंगामा, तब म बाहिर निस्कन सक्छु"? होइन, श्रीमान! उनले परमेश्वरलाई उहाँको वचनमा राख्नुभयो, खुल्ला छोड्नुहोस् र जान दिनुहोस्। परमेश्वरले उनलाई त्यहाँबाट ल्याउनुभयो।

116 के हुन्छ यदि परमेश्वरले मोशालाई भेट्नुभयो, र उहाँले भन्नुभयो, “मोशा, तल मिश्रमा जानुहोस्, र फारोलाई भन, ‘मेरा मानिसहरुलाई जान देऊ’”? के हुन्थ्यो यदि मोशाले यो भन्ने थियो, “मलाई चालिस–दिने उपवासको लागि जान दिनुहोस्, पहिलो, र हेर्छु यदि तपाई, परमेश्वरलाई आज्ञाकारी हुने मसँग पर्याप्त विश्वास छ या छैन। मलाई केहि कुरा दिनुहोस्, केहि अर्को, प्रभु। म तपाईलाई केहि भन्छु, मलाई हेर्न दिनुहोस् यदि म आत्मामा हुन सक्छु या सक्दिन, पहिला”? मोशाले कहिल्यै पनि कुनै प्रश्न सोधेनन्, उनले परमेश्वरलाई उहाँको वचनमा लिनुभयो, र बाहिर निकाल्यो। त्यस तरिकामा तपाईले गर्नुपर्छ, परमेश्वरलाई उहाँको वचनमा लिनुहोस्। तब तपाईलाई थाहा हुन्छ कि तपाईले यो गर्न सक्नुहुनेछ। उनले केहि घटना नभएसम्म पर्खिने गरेनन्, उनी केवल अगाडि बढे र यो गरे।

117 एलियाको बारेमा के छ, जब उनी कार्मेलको डाँडाबाट तल आए, त्यहाँ माथि धेरै समय देखि थिए? र उनले गरीब विधुवा आईमाईलाई भेटे। उनी एउटा...उनी एक विदेशी, एक अन्यजाती थिए। र जब तिनले उनलाई त्यहाँ तल भेटे, उनले कुनै लौरो टिप्दै थिईन्, बाहिर आँगनमा। र परमेश्वरले उनलाई भने, “त्यहाँ तल त्यस विधुवाको घरमा जा।” प्रचारकलाई जानको निम्ति कस्तो ठाउँ हो।

118 जब तिनी तल त्यहाँ विधुवाको घरमा गए। र जब उनले त्यसो गरे, उनीसँग दुईटा लौरो थियो। भने, “तपाई के गर्दै हुनुहुन्छ?”

119 भनिन्, “कुनै लौरो टिप्दै थिईन्। मसँग केवल एकजोडि मकैको रोटी बनाउनको लागि खाना छ। मसँग भएको त्यति मात्रै हो। पानी नपरेको तिन वर्ष भईसक्यो।” र भनिन्, “त्यसपछि म यी मकैको रोटी बनाउन जाँदैछु। र म र मेरो केटाले ती खाना जाँदैछौ, र मर्छौं।”

120 तिनले भने, “मलाई एउटा बनाईदेऊ, पहिला!” हाल्लेलुयाह! ओ, म जान्दछु म अलिकति पागल छु, तर म परमप्रभुको पक्षमा छ, जसरी पनि। तिनले भने, “मलाई पहिला एउटा, बनाउ। किनकि, **परमप्रभु यसो भन्नुहुन्छ।”** त्यहाँ तपाई हुनुहुन्छ।

121 यो के हो? “परमेश्वरको राज्य, र उहाँको धार्मिकता पहिले खोजी गर।” कुनै परमेश्वरको राज्य होइन र “एउटा सानो आवाज,” कुनै परमेश्वरको राज्य होइन र “एउटा सानो भावना,” कुनै परमेश्वर राज्य होइन र

"अलिकति *यो* वा *त्यो*।" तर, "परमेश्वर, र उहाँको धार्मिकता, र यी सबै अन्य कुराहरु तिमीहरुको निम्ति थपिनेछ।" पहिलो राख्नुहोस्!

122 अब, त्यो विधवाले त्यो सुनिन्। "विश्वास सुनुवाईबाट आउँदछ, वचनको सुनुवाईबाट।" उनले भनिन्, "त्यो परमप्रभुको वचन हो, किनकि त्यो परमेश्वरको पवित्र मानिस हो। त्यो परमेश्वरको अगमवक्ता हो, र मलाई थाहा छ यो सत्य छ। र त्यो परमेश्वरको वचन हो।"

123 अब, उनी छिमेककहाँ यो कसरी गर्ने भनि सोध्न हिडिनन्। उनलाई बाड्न जान मन लागेन...र छिमेकीलाई भनिनन्, भनिन्, "अब, तपाईले के सोच्नुहुन्छ? प्रचारक मेरो घरमा हुनुहुन्छ, *यो* भन्दै। सुसी, *यसको* बारेमा तपाई के सोच्नुहुन्छ?"

124 उनी भित्र गाईन्, बाहिर निस्किन थालिन्। उनले जान दिईन्। उनीसँग के थियो त्यो उनले जान दिईन्, ताकी उनले अझै धेरै पाउन सकून्। त्यहि नै आज संसारलाई चाहिन्छ, तपाईसँग भएको कुरा जान दिएर एउटा आसल पुरानो–शैली लिनु। हाल्लेलुयाह! उनले फ्याँकिन्, ताकी उनी भरिन सकून्। उनीसँग भएका सबै तेल उनले फ्याँकिन्, र उनीसँग भएका सबै तेल र सबै खाना फ्याँकी दिईन्, प्रचारकलाई दिईन्, परमेश्वरको राज्यको निम्ति। र जब उनले सबै फ्याँकिन्, परमेश्वर तल आउनुभयो, खानाको भाडालाई भर्नुभयो, तेलको भाडालाई भर्नुभयो। उनले फेरी यसलाई फ्याँकिन्, प्रचारकको थालमा। र यो आयो, फेरी यसलाई भर्यो। उसले त्यो फ्याँक्यो। जहिले जहिले उसले फ्याँकिन्, उहाँले भर्नुभयो।

125 म भन्नेछु, आज, यदि मानिसले जारी राख्ने यो सबै वकवासलाई बाहिर निकाल्छ भने, र इसाई धर्मको नक्कल गर्ने कुरा निकाल्छ, र पवित्र आत्माले आफ्नो ठाउँ लिन दिन्छ भने, त्यहाँ आठौ र पेन स्ट्रिटमा एउटा जागृति शुरू हुनेछ जसले पूरा देशलाई सफा गर्नेछ। वकवासलाई त्याग्नुहोस्। फर्केर वचनमा आउनुहोस्। फ्याँक्नुहोस्, ताकी तपाई भरिन सकोस्। तपाई यो जान दिनुहोस्, र परमेश्वरले आउन दिनुहुनेछ। तपाईले फ्याँक्नुहोस्, परमेश्वरले यसलाई भर्नुहुनेछ। सबै साना कुराहरु, ती, "तपाईले *यो* गर्नुपर्छ, र तपाईले *त्यो* गर्नुपर्छ; र तपाईले *यो* गर्नुपर्छ र *त्यो* गर्नुपर्छ।" यसलाई भुलिदिनुहोस्! तपाईको प्राणबाट यसलाई निकालिनुहोस्!

126 भन्नुहोस्, "परमेश्वर, मलाई, यो सबैबाट...यस दिन, पूर्ण रूपमा तपाईको हुँदछु। प्रभु, म टुक्रिएको हृदय सहि आउँदछु। म पश्चातापको

आत्मा सहित आउँदछु। म तपाईलाई प्रेम गर्छु। म तपाईलाई प्रेम गर्छु भन्ने तपाईलाई थाहा छ। र यी चालिस–दिने उपवासहरुको मूर्खताहरुको कुरा गरेर तपाईको नजिक जाने कोशिष, र सबै *यो, त्यो, अन्य*, यी सबै वकवासहरुका बारेमा म भुल्न चाहन्छु।"

127 यो बन्द गर्नुहोस्! त्यहाँ वचनमा कुनै त्यस्तो कुरा छैन जसले चालिस–दिने उपवास गरोस् भन्दछ। त्यस्तो कुरा छैन। परमेश्वरले नभनेसम्म, तपाईलाई केहि संसारमा केहि कुराले उपवास बस्न भनिएको छैन। यदि तपाई उपवास बस्नुहुन्छ भने, तपाई भोको हुनुहुनेछैन, र यी सबै कुरा जानुहुन्छ। जसरी तपाई उपवास गर्दै हुनुहुन्छ, भाई, तपाई रमाहट र खुसी हुनुहुनेछ। भन्नुभयो, "मानिसहरुको अगाडि लामोसमयसम्म, उदास अनुहार सहि देखा नपर्नुहोस् जसरी पाखण्डीहरुले गर्दछन्। 'म चालिस–दिने उपवासमा छु। मेरो थाल मलाई काम छैन। म तिस पाउण्ड घटिसके, र तिनीहरुले मलाई भने यो सके पछि म राम्रो देखिनेछु।'" ओ, वाहियात! यो शैतानको भरमाउने आत्माहरु हुन्।

128 वेदीमा आउछन्, र भन्छन्, "महिमा, महिमा, महिमा" यतिसम्म कि तपाईले अरु भन्न सक्नुहुन्न, र भन्छन्, "तपाईले पवित्र आत्मा पाउनुभन्दा अगाडि तपाईले अन्यभाषाहरुमा बोल्नुपर्दछ।" वकवास! यसलाई फ्याँकीदिनुहोस्!

129 तपाईको प्रणालीबाट त्यसलाई फ्याँक्नुहोस् र परमेश्वरको वचनमा आउनुहोस्! उनले भने, "पश्चताप गर, तिमीहरु हरेकले, र पाप क्षमादानको निम्ति येशू ख्रीष्टको नाममा बप्तिष्मा लेओ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ।" परमेश्वरले उहाँको वचन राख्नुहुन्न भने, उहाँ परमेश्वर हुनुहुन्न। आमेन। फ्याँकीदिनुहोस्। भरिपूर्ण हुनुहोस्। आमेन। ह्यु! म त्यो मन पराउछु। त्यो हानको वचन हो। परमेश्वरले त्यसो भन्नुभयो। त्यो सहि हो। र जब परमेश्वरले यो भन्नुभयो, परमेश्वरले यसको ख्याल राख्नुहुनेछ। ठिक छ। तपाईले बनाउनुभएको तयारीहरु, तपाईले गर्न सक्ने सबै मण्डली जाँदै हुनुहुन्छ...

130 यो यहाँ तल कारको काम गर्ने जस्तै हो जहाँ तिनीहरुले भाडाको ठूलो गुच्छा बनाउछन्, वा, यात्रीको कारहरुको ठूलो झुण्ड। म त्यहाँ काम गर्ने गर्थे। र तिनीहरुले ती ठूला कोचहरु र सबैकुराहरु लिन्छन् र निर्माण गर्छन्, र कडा काठ राख्छन्, चारैतिर म्याहोगनी राख्छन्, र सबैकुरा यदि सुन्दर

हुन्छ, त्यो ट्र्याकमा राख्छन्, र यो ढोकाको काँटी जत्तिकै मरे तुल्य हुन्छ। त्यहाँ इन्जिन तयार पारिन्छ, यसमा कुनै बाफ हुदैन। त्यो केवल त्यहाँ राखिन्छ।

131 यसलाई आज के चाहिन्छ भने उम्लिने कुरामा केहि आगो चाहिन्छ। यसलाई आज बाफ चाहिन्छ। यसलाई आज के चाहिन्छ भने, मण्डली, उमाल्नको लागि; तपाईको जीवनबाट पापलाई सबै भन्दा तातो उम्लिने उमाल्ने चिज, प्रेम हो। र यदि तपाईले एक अर्कालाई प्रेम गर्न सक्नुहुन्न भने, कसरी तपाईले परमेश्वरलाई प्रेम गर्न सक्नुहुन्छ जसलाई तपाईले देख्नुभएको छैन? प्रेमले धेरै पापको संख्यालाई लुकाउछ। परमेश्वरसँग प्रेममा हुनुहोस्, तब तपाईले एकअर्कालाई प्रेम गर्नुहुन्छ, तब तपाईले मण्डलीलाई प्रेम गर्नुहुन्छ, तपाईले कारणलाई प्रेम गर्नुहुन्छ, इश्वीय सबैकुरालाई तपाईले प्रेम गर्नुहुन्छ, र तपाई संसारका कुराहरुबाट टाढा बस्नुहुनेछ।

132 भरमाउने आत्माहरु मानिसहरुलाई *यो*, *त्यो* वा *अन्य* भनिरहेको छ, "उनीहरुले *यो* गर्नुपर्छ। उनीहरुले *त्यो* गर्नुपर्छ।" यो किनभने कि साम्प्रदायहरु उठेका छन्, र तिनीहरुले अलिकति प्रकाश पाएका छन् जुन तिनीहरुले भन्छन्, "ठिक छ, अब, म विश्वास गर्छु कि एउटा मानिस... म बाईबलमा चिच्याउने जस्तो कुरामा विश्वास गर्छु।" त्यो सहि हो। त्यो सत्य हो। तिनीहरुले यसबाट एउटा नामधारी संगठन बनाए, "जब तपाई चिच्याउनुहुन्छ, तपाईले यो पाउनुभयो।" तर तपाईले पाउनुभएको छैन।

133 अर्को एउटा उठ्यो, भन्यो, "अन्यभाषाहरुमा बोल्नुहोस्।" त्यो सहि हो। त्यो बाईबलमा छ। "ठिक छ, जब तपाई अन्यभाषाहरुमा बोल्नुहुन्छ, तपाईले पाउनुभयो।" तर तिनीहरु मध्ये धेरैले अन्यभाषाहरुमा बोले तर यो पाएनन्। बुझ्नुभयो? त्यो होइन। होइन, श्रीमान्।

तिनीहरु मध्ये धेरैले भने, "ठिक छ, हामीले अगमवाणी बोल्नुपर्छ।"

134 यी अगमवक्ताहरुलाई तिनीहरुको टाउकोमा सिङहरु सहित यहाँ हेर्नुहोस्, माथि–र–तल उफ्रिदै र अगमवाणी बोल्दै। मिकायाले भने, "तिमीहरु, प्रत्येक, झुट बोलिरहेका छौ।" आमेन। सहि हो। परमेश्वर त्यसरी आउनुहुन्न। परमेश्वर इमानदार हृदयमा आउनुहुन्छ जो पश्चाताप, र टुटेको आत्मा सहित आउँदछ। "जो जान्छ, आशुमा छर्छ, निस्सन्देह

फेरी रमाउदै फर्कन्छ, आफूसँग अनमोल बिटाहरु लिएर आउँछ।" आमेन। त्यो सहि बनाउनुहोस्, मित्र।

135 यति धेरै दानव विज्ञान, दुष्टहरु मानव प्राणहरुमा काम गरिरहेको छ! यसले कहाँ आफ्नो फल फलाउछ हेर्नुहोस्। एउटा व्यक्तिले कस्तो खालको जीवन जिउछ त्यो हेर्नुहोस्। तिनीहरुले कुन तरिकामा व्यवहार गरिरहेका छन्, तिनीहरुले गर्ने तरिका हेर्नुहोस्, तिनीहरुको उदेश्यहरु के छन् हेर्नुहोस्। यो उत्तिकै असम्भव छ...र यदि मैले तपाईले त्यो भने, "एक मात्र बाटो...यहाँ कार बसेको छ, सबै यहाँ लामबद्ध छ। स्वर्ग चार्ल्सटाउनमा छ। तपाई हिड्न सक्नुहुन्न। तपाई जान सक्ने एक मात्र तारिक, कार हो। र हरेक मानिस जसले रेखा काट्छ उसले पाँच ग्यालिन तेल ल्याउनुपर्छ।" यहाँ उसको कार छ, यदि ऊसँग तेल छैन भने उसले यो कुदाउन सक्दैन। ठिक छ, उस्तै नै, सिद्ध रूपमा यहि नै स्वर्गसँग पनि छ। यदि तपाई परमेश्वर बिना मर्नुभयो भने, तपाईले कसरी जिउनुभयो र कति धेरै कार तपाईले बनाउनुभयो मलाई त्यसको मतलब छैन, यदि परमेश्वरको राज्यमा तान्नको निम्ति तपाईसँग परमेश्वरको प्रेम छैन भने, तपाईले उद्धार पाउनुभएको छैन।

136 त्यहाँ नकारात्मक र सकारात्मक छ। यो प्रवाह चाहे जतिसुकै सकारात्मक किन नकुदोस, यदि यससँग भूमिमा तार छैन भने, यो कहिल्यै पनि उज्यालो बल्ने छैन। त्यो सहि हो। तपाई जरा गाडिनुपर्छ, परमेश्वरको प्रेममा बसालिएको हुनुपर्छ। ओ, भाई! नकारात्मक र सकारात्मक सँगै ल्याउनुहोस्, तपाईले उज्यालो पाउनुहुनेछ, असल पुरानो–शैलीको सुसमाचारीय उज्यालो। यसलाई किनारबाट किनारमा फैलन दिनुहोस्। तपाईले यो बिना कहिल्यै पनि यो पाउन सक्नुहुन्न। तपाईले सकारात्मकसँग जति सुकै हल्लिने र उफ्रिने किन नहोस, तपाईसँग उज्यालो बाल्नको लागि भुमिको तार हुनुपर्छ। आमेन।

137 तपाईले कहिल्यै याद गर्नुभयो? तपाईले यसमा जमिनको तार तयार गर्नुहोस्, र हरेक सानो यहाँ तल सबस्टेशनमा साहुल जाँच, ठिक तल जमिनमा। र हरेक पटक एउटा मानिस परमेश्वरको वचनमा जरा गाडिन्छ र आधार बनाउछ, यसले त्यसलाई, पारी कलवरीमा जरा र जग दिन्छ, जहाँ यो संचालन हुन्छ, परमेश्वरको गाँसिने चोक त्यहाँ ल्याईन्छ, सुसमाचारको ज्योतिको चमक दिन। आमेन।

138 तपाईलाई थाहा छ कुरा के हो? यी ठूला ठूला चिसो औपचारिक मुर्दाघरहरुमा, मानिसहरु सुसमाचार प्रचार गर्ने नाटक गर्छन्। हिजो एउटा सानो प्रचारक मकहाँ आउनुभयो, क्याथोलिक भन्दा बाहिर, आज देशमा भएका ठूला नामधारी संगठित मण्डलीहरुभन्दा मध्ये एउटासँग सम्बन्धित छ। उहाँले भन्नुभयो, "भाई ब्रन्हाम, म दिक्क र थकित भईसके।" भन्नुभयो, "तिनीहरुले हामी सबै प्रचारकहरुलाई एउटा पोशाक बनाएर हाम्रो कलरहरु घुमाउने बनाउन लागेका छन्, र—र निश्चित कुरा प्रचार गर्न लगाउछन्। र तिनीहरुले हामीलाई प्रत्येक चौथाईमा, के प्रचार गर्ने भनेर बताउनेछन्।" उहाँले भन्नुभयो, "म यसलाई अब सहन सक्दिन।" उहाँले भन्नुभयो, "मैले के गर्नुपर्छ? के म सुसमाचार प्रचार गर्न शूरू गरूँ?"

139 मैले भने, "भाई, जबसम्म तपाई संगठित मण्डलीमा हुनुहन्छ, यसलाई सम्मान गर्नुहोस्। तपाईले त्यहि भन्नुहोस् जे तिनीहरुले भन्छन्। तर तपाईको पुरोहित वा तपाईको राज्य अध्यक्षकहाँ जानुहोस्, र भन्नुहोस्, 'श्रीमान्, म परमेश्वरको आत्माले नयाँ गरी जन्मेको छु। यहाँ परमेश्वरको वचन छ। यदि तपाईले मलाई त्यो प्रचार गर्न दिनुहुन्छ भने, म तपाईको मण्डलीमा बस्छु। यदि तपाई दिनुहुन्न भने, म जान्छु। अरु कसैलाई सुम्पिदिनुहोस्।'" त्यो तरिकामा गर्ने हो। झाडीलाई चारैतिर नहान्नुहोस्। नकारात्मक नहुनुहोस्। बाहिर निस्केर यो के हो त्यो भन्नुहोस्। ठिक छ।

140 उहाँले भन्नुभयो, "भाई ब्रन्हाम, तपाईलाई लाग्छ मेरो मण्डली हुनेछ?"

141 मैले भने, "जहाँ सिनो हुन्छ, त्यहाँ चिलहरु भेला हुन्छन्।" त्यो सहि हो, तिनीहरुले पछ्याउनेछन्।

142 मानिस जस्तै, एकपटक, जसले कुखुरालाई निकाल्यो। अब, यो एउटा मजाक होइन। मैले यो मजाकको लागि भनेको होइन। मैले यो अर्थ लगाउनलाई भन्दैछु। उसले आफ्नो कुखुरालाई राख्न जाँदै थियो, र ऊसँग पर्याप्त अण्डाहरु थिएन। उसले त्यहाँ एउटा हाँसको अण्डा राखिदियो। र जब त्यो सबै चल्ला निस्कियो, हाँस कुखुराले देखेको सबैभन्दा हास उठ्दो देखिने चिज थियो। त्यसैले कुखुराले बोलाउथ्यो र साना चल्लाहरु आउथे, तर हाँसले त्यो भाषा बुझ्दैन थियो। तर, एकदिन, बुढी कुखुराले तिनीहरुलाई खलिहान पछाडि लग्यो। त्यहाँ खलिहानको पछाडि खाल्डो थियो। जब सानो हाँसले त्यो पानी सुँघ्यो, उसले पानी म जति सक्दो चाडो पानीमा

गयो। बुढी कुखुराले भन्यो, "क्लक, क्लक, क्लक।" अनि सानो हाँसले भन्यो, "हंक, हंक, हंक।" ऊ पानी तर्फ अगाडि बढ्यो। किन? स्वभावमा, ऊ एउटा हाँस थियो। जब उसले पानी सुँघ्यो, भाई, ऊ त्यो बाट टाढा बस्न सकेन, किनकि ऊ एउटा हाँस थियो।

143 र म आज भन्छु, कुनै पनि मानिस जसले परमेश्वरलाई साचै नै खोजिरेको छ, तिनीहरु जसको बिना बाच्न सक्दैन, *यो* या *अर्को* त्यसमा मण्डलीले तिनीहरुलाई शाषन गर्न दिने छैनन्। यदि तपाईमा परमेश्वरको स्वभाव छ भने, तपाई पवित्रतामा जानुहुनेछ। तपाई सहि कुरामा जानुहुन्छ। तपाई सहि कुराको लागि खडा हुनुहुनेछ। तपाईले ठिक कुरा गर्नुहुनेछ। तपाईले सहि कुरा सोच्नुहुनेछ। तपाई सहि जीवन जिउनुहुनेछ। यदि तपाई एउटा हाँस हुनुहुन्छ भने, तपाईले पानी मन पराउनुहुन्छ। यदि तपाई एउटा इसाई हुनुहुन्छ भने, तपाईले ख्रीष्ट मन पराउनुहुन्छ। यदि तपाई एउटा शैतान हुनुहुन्छ भने, तपाईले शैतानका कुराहरु मन पराउनुहुन्छ। यदि तपाई एउटा गिद्ध हुनुहुन्छ भने, तपाईले मरेका कुराहरु खानु हुन्छ। यदि तपाई एउटा सुँगुर हुनुहुन्छ भने, तपाईले मल खानुहुनेछ। तपाई आज कहाँ हुनुहुन्छ? ठिक छ। तपाई यहाँ माथि छु भनि दावी गर्नुहुन्छ, परमप्रभुका कुराहरु खाँदै, त्यसपछि तल जानुहुन्छ अनि शैतानसँग जरा गाँस्नुहुन्छ। त्यहाँ केहि खराबी छ। ती आत्माहरुलाई सुन्न बन्द गरीदिनुहोस्; तिनीहरु दुष्टहरु हुन्। चाहे तपाई एक्लै खडा हुन परे तापनि। पुरुष र महिलाहरु जो कुनै कुरामा जोडिनुभएको छ, लगभग, उनीहरु नै परमेश्वरसँग एक्लै खडा भएका पुरुष र महिलाहरु हुन्।

144 मिकायालाई हेर्नुहोस्, उनी कसरी त्यहाँ उभिए; जिब्रल्टरको चट्टान जस्तो होइन, तर युगौको चट्टान जस्तै। उनले भने, "म केहि पनि बोल्दिन...सेमिनारीले के भन्छ मलाई त्यसको मतलब छैन। मेरो मण्डलीले के भन्छ मलाई त्यसको मतलब छैन। राजाले के भन्छ मलाई त्यसको मतलब छैन। यदि तिनीहरुले मेरो शिर काट्छन् भने, म त्यो मात्रै भन्नेछु जे परमेश्वरले मेरो मुखमा भन्नको निम्ति दिनुहुन्छ।" उनी सहि थिए। उनी ठिक थिए।

145 र आज, पुरुष र महिलाहरु, तपाईको लागि संसारसँग के छ त्यस कुरामा ध्यान नदिनुहोस्, यो सँग के उपचार छ, कुन किसिमको एउटा ब्याक्टेरियाको खोप तिनीहरुसँग छ, र दाबी, "यदि तपाई मण्डलीमा

सामेल हुनुभयो, तपाई ठिक हुनुहुनेछ।" त्यो झुटो खोप हो। किन? तपाईसँग अझै पनि पापको रोग लागेको छ। त्यो सहि हो। तर म तपाईलाई एउटा कुरा भन्छु, भाई, जसले तपाईलाई पापबाट जोगाउछ, त्यो, प्रभु येशू ख्रीष्टको अमूल्य रगतमा आउनुहोस् र पवित्र आत्माले भरिपूर्ण हुनुहोस्, र त्यसले तपाईलाई पापबाट बचाउनेछ, र तपाईको इच्छाहरु स्वर्गमा बाँधिनेछ, र तपाईसँग संसारका कुराहरुको लागि समय हुनेछैन।

हामी प्रार्थना गरौँ।

146 हाम्रा स्वर्गीय पिता, जब हामीले मानिसहरुमा यी भरमाउने आत्माहरु देख्छौ, र तिनीहरुले परमेश्वरका कुराहरुलाई तुच्छ बनाईरहेका छन् भनि जान्दै, म प्रार्थना गर्छु, परमेश्वर, कि तपाईले हरेक पुरुष र महिलालाई यहाँ आज थाम्नुहुनेछ। यो एक दिन होस्, प्रभु, कि तिनीहरुले जान्नेछन् कि तिनीहरुको जीवन वचनसँग मेल खाँदैन। र तिनीहरुले गलत कुराहरु सुनिरहेका छन्, कि शैतानले उनीहरुलाई पुरानो सत्य कथाका म्यागजिनहरुबाट चित्त बुझाएको छ, संसारको पुरानो सडेको वकवास, र पुरानो चलिरहेको तस्बिर र अशुद्ध टेलिभिजनका कुराहरु। ओ परमेश्वर, इसाईलाई हेर्नको निम्ति असम्भव कुरा! परमेश्वर, यसले हामीलाई थकित बनाउछ। तपाईले भन्नुभयो यसले तपाईलाई बिमार बनायो, वान्ता गर्ने खालको। तपाईले भन्नुहुन्छ, "एउटा कुकुर आफ्नो बान्तामा जान्छ, र एउटा—र एउटा सुँगुर हिलोमा फर्किन्छ।" एउटा पुरानो कुकुरले केहि क्कुरा बान्ता गर्छ। हेर्नुहोस् एउटा आधा जान्मिएको, मानिन्छ, पाखण्डी व्यक्ति वेदीमा आउँछ, र जस्तो कि तपाई संसारलाई उल्टी गर्न जाँदै हुनुहुन्छ; अझै पनि गरिरहनुभएको छ, तिनीहरु ठिक फिर्ता आउछन् र त्यो फेरी खान्छन्। ओ परमेश्वर, तपाईको घर सफा गर्नुहोस्, प्रभु। हाल्लेलुयाह! पवित्र आत्मालाई यस्तो पुरानो समयको विश्वासका साथ पठाउनुहोस् जसले मानिसको भोक सफा गर्नेछ र उसको प्राणलाई सफा गर्नेछ, र उसलाई सफा गर्छ र उसलाई स्वर्गीय प्राण बनाउनुहोस्। उसलाई दिनुहोस्... चिलको जस्तै उसको जवानी र करार फेरी नयाँ गर्नुहुन्छ, ताकी ऊ माथि उड्न सकोस् र संसारका थोकहरुलाई पार् गर्न सकोस्, र स्वर्गमा उक्लिन्छ जहाँबाट उसले दूरीबाट नै आउदै गरेको समस्याहरुलाई देख्न सक्दछ। यस्ली प्रदान गर्नुहोस्, प्रभु।

147 तपाईले आफ्ना अगमवक्ताहरुलाई तिनीहरुसँग जोड्नुभयो,

चिलहरुसँग, जसमा चिलको आँखा थियो, माथि जान सक्दछ र त्यो त्यहाँ आइपुग्न भन्दा धेरै अगाडि देख्दछ। ओ परमेश्वर, यो सानो मण्डलीलाई आशिष दिनुहोस्। यी मानिसहरुलाई आशिष दिनुहोस् जो यहाँ आएका छन्। आज द्वारहरुमा अपरिचितहरुलाई आशिष दिनुहोस्। र तिनीहरुलाई यो थाहा दिनुहोस् कि यो सन्देश कुनै व्यक्तिगत मानिसलाई निर्देशित गरिएको थिएन भनेर, तर विशेष गरी, प्रभु, तिनीहरुमा जो गहिरो खाँचोमा परेका छन्; यो जानेर कि कुनै दिन हामी सबैजना संगै परमेश्वरको न्यायमा खडा हुनुपर्छ, र यो जानेर कि हामीले सत्य जाने यसलाई नभनेकोमा जिम्मेवार हुनेछौ। पिता, म प्रार्थना गर्छु कि यो हरेक हृदयमा लिईनेछ। येशूको नाममा।

148 हाम्रो शिरहरु एक पलको लागि झुकेर, म सोच्छु कि यदि आज बिहान यहाँ कोहि हुनुहुन्छ जसले भन्नुहुन्छ, "भाई ब्रन्हाम, म यी साना पुरानो कुराहरुले दिक्क र थकित भईसके। मसँग साना साना चिजहरु छन् जुन मसँग लामो समय देखि झुण्डिरहेको छ। म—म सधै पालोबाट कुरा गर्छु। म—मैले गर्न नहुने कामहरु गरिरहेको छु, र मलाई यो थाहा छ। यो इसाई काम बनेको छैन। म त्यो गर्न चाहन्न; परमेश्वर जान्नुहुन्छ कि मलाई थाहा छैन। म त्यो पुरानो आत्मालाई अब उसो सुन्न चाहन्न। ख्रीष्टमा साँचो प्रेम र स्वतन्त्रता पाउनबाट, यसै कुराले मलाई मेरो जीवनभरि तल राखेको छ। तपाईले मेरो निम्ति प्रार्थना गर्नुभएको म चाहन्छु, भाई ब्रन्हाम, कि यसले—यसले मलाई यो दिनमा छोड्नेछ।" के तपाईले आफ्नो हात उठाउनुहुन्छ? हरेक शिर झुकेको होस्। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। ओ, प्रभु, दर्जनौ हातहरु छन्! साना पुराना साना कुराहरु, साना पुराना कुराहरु जसले तपाईलाई बोल्ने वा मण्डलीमा केहि प्रकारका साना झगडा शुरू गर्छ, तपाईलाई त्यस्तै अर्को चिजको साथ पक्ष लिन लगाउछ। ओ, त्यो अधर्मी हो। त्यो भाईहरु माझ असहमति हो। र त्यो नगर्नुहोस्। तपाईले त्यो चाहनुहुन्न। तपाईले त्यो चाहनुहुन्न अनि त्यो पुराना कुराहरु, सानो पुरानो रिस र सबैकुराहरु, जसले तपाईलाई तल राख्छ।

149 भन्नुहुन्छ, "परमेश्वर, म त्यो कुरा अन चाहन्न। म यसबाट बिमार र थकित भएको छु। म आज यसलाई त्याग्न तयार छु। म अब आउदैछु, प्रभु, र म मेरो सबै स्वार्थबाट टाढा जान चाहन्छु। यदि मेरो भाईले मलाई सहि व्यवहार गर्दैन भने, म उहाँको निम्ति जसरी नि प्रार्थना गर्नेछु। यदि मेरो बुवाले मलाई सहि व्यवहार गर्नुभएन भने, म उहाँलाई जसरी पनि प्रेम

गर्छु। यदि मेरी श्रीमतीले मलाई सहि तरिकाले व्यवहार गर्दिनन्, वा मेरो श्रीमानले, म जानेछु, नम्र भएर, परमेश्वरको अगाडि। प्रभु, म केवल तपाईको राज्यमा हेर्दछु। म मेरो विचार सिधा भएको चाहन्छु। म मेरो हृदय भरी खुसी चाहन्छु। म जान चाहन्छु, जब समस्या साच्चै नै मेरो वरिपरी गुन्जिरहन्छ, म अझै पनि मेरो हात माथि राखेर र मेरो हृदय शुद्ध पारेर तपाईको अगाडि बस्न चाहन्छु, प्रभु, यो जानेर, कि कुनै दिन म तपाईलाई भेट्ने छु। म त्यस किसिमको अनुभव चाहन्छु। प्रभु, मलाई त्यो बनाउनुहोस्, आजको दिन देखि।"

150 के तपाई आफ्नो हात उठाउनुहुन्छ, कोहि जसले आफ्नो हात पहिले उठाउनुभएको थिएन। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। बहिनी, हामीले शिर झुकाउदै गर्दा एउटा सानो कर्ड दिनुहोस्। तपाईले यो कत्तिको साच्चै चाहनुहुन्छ? अहिले नखेल्नुहोस्। यो खेल्ने समय होइन। यो प्राप्त गर्ने समय हो। यो त्यो समय जुन बेलामा तपाईले यो पाउनुपर्छ। आउनुहोस्, ठिक अहिले यसलाई फ्याँक्नुहोस्। के तपाई गर्नुहुनेछ? आउनुहोस्, तपाईसँग भएको सबै परमेश्वरलाई दिनुहोस्। भन्नुहोस्, "परमेश्वर, मसँग धेरै छैन। म केवल एउटा सानी गृहिणी हुँ। म धेरै गर्न सक्दिन, प्रभु, तर म—म तपाईको बाईबल पढ्न सक्छु, म सधै प्रार्थना गर्न सक्छु। म मेरो दिमागमा भएका सबै फोहोर फाल्न सक्छु। म त्यो सबै सामान बाहिर फाल्न सक्छु। आज बिहान प्रचारकले भनेका धेरै कुराहरुको लागि म दोषी छु, त्यसैले म—म यसलाई आज बाहिर फ्याँक्नेछु। म यो चाहन्न। परमेश्वर, मलाई प्रेमले भर्नुहोस्। मलाई ती कुराले भर्नुहोस् जसले मलाई सबैभन्दा तितो शत्रुलाई माया गर्ने बनाउछ। म साच्चै नै यो चाहन्छु, प्रभु।"

151 उनले यहाँ बजाउदै गर्दा, के तपाई अहिले आएर एक क्षणको वेदीमा खडा हुनुहुन्न, जब हामी प्रार्थनाको शब्दसँग भेला हुन्छौ। यदि तपाईले साच्चै नै यो सोच्नुभएको हो भने, यदि तपाई साच्चै यसलाई त्याग्न तयार हुनुहुन्छ भने, यदि तपाई इमानदार हुनुहुन्छ भने, तपाईको आफ्नो हृदयमा त्यो राखेरै यो वेदी कहिल्यै पनि छोड्नुहुदैन। र भन्नुहोस्, "म यहाँ केवल खडा हुनको निम्ति आउनुभयो, एक मिनेटको लागि, भाई ब्रन्हाम, हो, जब तपाई मसँग व्यक्तिगत रूपमा, वचनको प्रार्थनामा हुनुहुन्छ।" म—म तपाई आएर प्रार्थना गर्नुभएको, चाहन्छु। के तपाई अब आउनुहुनेछ?

तपाईको शिरहरु झुकाएर, को उठ्नुहुनेछ र वेदीमा आउनुहुनेछ, वेदीको वरपर खडा हुनुहुनेछ?

हे कोमल मुक्तिदाता, मलाई नछोड्नुहोस्,
मेरो विनम्र पुकार सुन्नुहोस्;
जब तपाईले अरुलाई बोलाउदै हुनुहुन्छ,
ओ, मलाई नछुटाउनुहोस्।

मुक्तिदाता, मुक्तिदाता,
मेरो विनम्र पुकार सुन्नुहोस्;
जब तपाईले अरुलाई बोलाउदै हुनुहुन्छ,
ओ, मलाई नछुटाउनुहोस्।

152 चाहे तपाई जति नै लामो एउटा इसाई भए पनि, र तपाईसँग अझै पनि ती पुरानो आत्मा छ जसले तपाईसँग बोल्दछ, तपाईलाई छाडा उड्न लगाउछ, अरुको बारेमा बोल्ने बनाउछ। जब कोहि आउछ र गएर कसैको बारेमा बोल्ने बनाउछ, तपाई तिनीहरुसँग सामेल हुनुहुन्छ र, ओ, तिनीहरुसँगै तल जानुहुन्छ। त्यो गलत हो, भाई। त्यो नगर्नुहोस्। त्यसले अन्ततः तपाईलाई प्रतिज्ञाको भूमिबाट टाढा राख्दछ। यदि तपाईसंग त्यो सानो पुरानो कुरा छ जुन तपाईसँग हुनुहुदैन, यदि परमेश्वरको वचन साच्चै नै तपाईको हृदयमा छैन भने, के तपाई महिला र पुरुष, यहाँ माथि आएर भन्नुहोस्, "परमेश्वर, ठिक यहाँ म यसलाई बाहिर फाल्न जानेछु, यस बिहान, ठिक यहाँ। म यस वेदीबाट एक फरक व्यक्ति भएर जान्छु।" के तपाई आउनुहुनेछ?

153 के त्यहाँ एउटा पापी छ जसले येशूलाई कहिल्यै स्वीकार गरेको छैन, र तपाईलाई थाहा छ तपाई एक पापी हुनुहुन्छ, तपाईले उहाँलाई आफ्नो मुक्तिदाताको रूपमा चिन्नुहुन्न? तपाई भन्नुहुन्छ, "भाई ब्रन्हाम, हो, मैले सोचे कि मैले धेरै खुसी मनाए। म नाच र पार्टी र सबै यी कुराहरुमा जान्छु। म गलत प्रकारका कार्यक्रमहरु हेर्छु। र म—म गलत तरिकाको साहित्य पढ्छु। म पुराना किताबहरु पढ्छु जुनमा आश्लिल कहानीहरु छन्। म यसलाई पढ्न मन पराउछु।" भाई, त्यहाँ तपाईमा केहि कुरा खराबी छ। त्यो तपाईको भोक हो; हेर्नुहोस्, तपाईले मलाई एउटा मानिसले के पढ्छ हेर्न दिनुहोस्, उसले के हेर्छ मलाई हेर्न दिनुहोस्, उसले सुन्ने संगीत मलाई सुन्न दिनुहोस्।

154 अर्को दिन, एउटा कारमा आएर, एउटा निश्चित व्यक्ति पुग्यो र मेरो रेडियो खोल्यो, कुनै प्रकारको पुरानो अश्लिल संगीत। मैले भने, "त्यो कुरा बन्द गर्नुहोस्। म त्यो सुन्न चाहन्न।" कुनै पुरानो बूगी–वूगी कुरा।

भने, "किन, म त्यो सुन्न चाहन्छु।"

मैले भने, "तपाईको प्रकृति गलत छ। तपाई गलत हुनुहुन्छ।"

155 जब म यहाँ बाहिर थिए, त्यसको केहि दिन पछि, माथि ठूलो पर्वत वा पहाड तर्फ, माछा मार्दै, एउटा व्यक्तिसँग थिए। ती साना चराहरुले गीत गईरहेका थिए। पक्षीहरु अर्तनाद गर्दै थिए। पुरानो मार्टिन्गेल हावामा उडिरहेको थियो, वा बुलबुल चार, प्रशंसा गाउदै थियो। मैले त्यो केटालाई भने, मैले भने, "हेर, केटा, त्यो मेरो संगीत हो। त्यसलाई बजिरहन देऊ। त्यो मेरो रेडियो हो। म यहाँ हुँदै गर्दा परमेश्वरले तिनीहरुलाई मेरो निम्ति गाउनको निम्ति पठाउनुभोय। यसले मेरो प्राणलाई शान्ति दिन्छ।"

156 सबै पुराना पागल कुराहरु भन्दा उत्तम, यी पुराना ज्युक बोक्सहरु गर्जन्छन्, जहाँ तपाईले सार्वजनिक स्थानमा खानसम्म पनि सक्नुहुन्न। यो शैतानको खुराक हो। यो शैतानको घर हो, सबै पापले गडबड भएको। के तपाईहरु सबै त्यहाँ जम्मा भएर त्यसको आनन्द लिनुहुन्छ? जब तिनीहरुले त्यो पैसा तिनीहरुका साना पुराना बक्सहरुमा राख्छन्, र सबै ती पुराना फोहोरी कुराहरु आउछन्, तपाई त्यसमा आनन्द लिनुहुन्छ? धिक्कार होस् तपाईलाई। तपाई एक विश्वासमा पिछडीनुभएको छ। तपाई परमेश्वरबाट पर हुनुहुन्छ। तपाईले परमेश्वर चिन्नुहुन्न। यदि तपाईले परमेश्वलाई चिन्नुभयो भने, तपाईको पापहरुको क्षमामा, तपाईले कहिल्यै पनि त्यस्तो खालको वकवास सुन्नुहुन्न। यो तपाईको लागि मृत हुनेछ। तपाई—तपाईले यसबाट वान्ता गर्नुहुनेछ। तपाईले यो चाहनुहुन्न। तपाईको खुराक उत्तम छ। तपाईले परमेश्वरलाई प्रेम गर्नुहुन्छ। के तपाई यस बिहानीमा, यी स्वीकार गर्नेहरुसँग यहाँ घुँडा टेकेर आउनुहुन्न?

157 यहाँ पुरुष र महिलाहरुले ठिक यहाँ घुँडा टेक्नुभएको छ, जो वर्षौं देखि इसाई हुनुहुन्छ। म उहाँहरुलाई गैर इसाई बनाउदिन। तर म के गर्न खोज्दै छु कि शैतान, जसले तिनीहरुलाई सताईरहेको छ, जसले तिनीहरुलाई पूर्ण आनन्दबाट टाढा लगेको छ। पवित्र आत्मा आनन्द हुनुहुन्छ। भाई, म नशामा नै उठ्छु, म ओछ्यानमा मातेर जान्छु, म दिनभर नशामा हुन्छु, रातभरि नशामा हुन्छु। ओ, म केवल—म केवल मन पराउछु...म माछा

मार्न जान्छु, म केवल, “मलाई नछुटाउनुहोस्, ओ कोमल मुक्तिदाता। मेरो विनम्र पुकार सुन्नुहोस्।” म शिकारमा जान्छु, र परमेश्वरको स्तुति गाउँछु। म प्रचार गरिरहेको छु, म...म जहाँ पनि जान्छु। के तपाई त्यस तरिकामा हुन चाहनुहुन्न? पवित्र आत्माले भरिपूर्ण, यसले तपाईलाई उत्तेजित गर्छ। ओ, प्रभु! उनीहरुले पुराना फोहोर गीतहरु गाउन सुन्दै, तपाईले यो गाउन सक्नुहुन्छ:

म प्रतिज्ञाको देशको निम्ति अनुबन्धित छु,
म प्रतिज्ञाको देशको निम्ति अनुबन्धित छु;
ओ मसँग को आउने र जाने?
म प्रतिज्ञाको देशको निम्ति अनुबन्धित छु।

म प्रतिज्ञाको देशको निम्ति अनुबन्धित छु,
म प्रतिज्ञाको देशको निम्ति अनुबन्धित छु;
ओ मसँग को आउने र जाने?
म प्रतिज्ञाको देशको निम्ति अनुबन्धित छु।

कहिले म त्यो आशिषित विश्राममा पुग्नेछु,
र सधै आशिषित हुन्छु!
कहिले म मेरो पिताको मुहार हेर्नेछु,
र उहाँको काखमा आराम गर्नेछु?

म प्रतिज्ञाको देशको निम्ति अनुबन्धित छु,
म प्रतिज्ञाको देशको निम्ति अनुबन्धित छु;
ओ मसँग को आउने र जाने?
म प्रतिज्ञाको देशको निम्ति अनुबन्धित छु।

158 के तपाई सँगै जानलाई, आउनुहुन्न? मलाई याद छ जब म एक सय बीस जनालाई बप्तिष्मा दिईरहेको बेला हामी मध्ये लगभग पाँच सय उभिएको थियो, वर्षको यो समयमा, यहाँ तल नदीको किनारमा, जब त्यो महान बिहानी तारा नदीमा चम्किन्छ। हाल्लेलुयाह! त्यहाँबाट बोल्ने आवाजले भन्यो, “कुनै दिन तपाईले संसारभर सुसमाचार फैलाउनुहुनेछ।” कसरी एउटा गरीब, सानो, अज्ञानी किसान केटाले कहिल्यै त्यो गर्न सक्छ? परमेश्वरको अनुग्रह! आमेन।

159 ओ, को आउने र जाने? छूटकारा पाउनुहोस्, एक तर्फ अलग गर्नुहोस्, हरेक वचन अहिले। ती भरमाउने आत्माहरुलाई नसुन्नुहोस्।

आउनुहोस्, परमेश्वरको वचनलाई सुन्नुहोस्, **परमप्रभु यसो भन्नुहुन्छ!** "धार्मिकताको निम्ति भोकाउने र तिर्खाउने धन्यका हुन्, किनकि तिनीहरु तृप्त पारिनेछन्।"

160 यसका साथ हामीले वेदीमा प्रार्थना गर्दै गर्दा हामीले अहिले शिरहरु झुकाऔ।

प्रिय छोराछोरी, तपाईले यो याद गरेको म चाहन्छु, यस बिहानमा, तपाईले बोझ त्यहाँ एक तर्फ छोड्नको निम्ति हुनुहुन्छ। तपाई त्यहाँ हरेक भोजलाई पन्छाउन र पापले तपाईलाई सजिलै घेर्छ। पावलले भने, हिब्रू, १२ औ अध्यायमा।

*...यो देखेर हामी...साक्षीहरूको* ठूलो *बादलले हामीलाई घेरिराखेको हुनाले हरकिसिमका बोझा र...हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर,...*

*म यहाँ भन्दा बढि के भनू? किनकि...समयले* दिदैन*... गिदोन,...बालक, बराक* को,*...सिमसन...यिप्ता; दाऊद... शमूएल* को र *अगमवक्ताहरुको बारेमा भन्न:*

*जसले विश्वासद्वारा राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे,* प्रतिज्ञाहरू *हासिल गरे,* सिंहका मुखहरू *थुनिदिए,*

*आगोका ज्वालाहरू निभाए, तरवारका धारबाट उम्के, कमजोरीबाट बलिया* भए, युद्धमा *वीर* भए*...विदेशीहरूका...* फौजलाई भगाए...

र *स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए...*

*अरूहरूले* यातना भोगे, *क्रूर* गिल्ला र कोर्राबाजी,...अझै, अझै यो भन्दा बढि, *बन्धन र कैद पनि भोग्नुपर्‍यो:*

*र—र अन्य जसले* परिक्षाहरु भोगे...गिल्ला...कोर्रा खाए...

...तिनीहरु सबैले *आफ्ना विश्वासको निम्ति ठूलो प्रशंसा पाए,...*

र यी सबै, *तिनीहरू सबैले आफ्ना विश्वासको निम्ति ठूलो प्रशंसा पाए, प्रतिज्ञा गरिएका कुरा चाहि पाएनन्:*

*रमेश्वरले हाम्रा लागि अझ असल योजना राख्नुभएको थियो, ताकि* हामीसँग *मात्रै तिनीहरू सिद्ध तुल्याइऊन्।*

*त्यसैले यो देखेर हामी...साक्षीहरूको ठूलो बादलले हामीलाई* घेरिराखेको हुनाले, *हरकिसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने...पापलाई पन्छाएर,* हाम्रा *सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं,*

*हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं; जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति* अपमानलाई *केहीजस्तो नठानी, क्रूसको कष्ट भोग्नुभयो, र...परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।*

161 येशू, उहाँको प्रार्थनामा, भन्नुभयो, “पिता, म आफैलाई पवित्र पार्दछु।” येशू मण्डलीमा, पवित्र हुनुभयो। उहाँ विवाहित हुन सक्नुहुन्थ्यो, तर उहाँले त्यो गर्नुभएन। उहाँ पवित्र हुनुभयो। उहाँले भन्नुभयो, “तिनीहरुलाई पवित्र पार्नुहोस्, पिता, सत्यताद्वारा। तपाईको वचन सत्य छ।”

162 अब सबै बोझहरु एकातर्फ राखौं। तपाईलाई रिस उठ्छ? तपाईको बारेमा केहि छ, तपाईले बोल्न नपर्ने बेलामा बोल्ने बनाउछ? ओ परमेश्वर! यसलाई अहिले त्यहाँ राख्नुहोस्। यसलाई त्यहाँ राख्नुहोस्, वेदीको आगो तल आएर यसलाई टाढा लगेको हेर्नुहोस्। परमेश्वरको प्रेमले यसलाई मेटेको हेर्नुहोस्। त्यो सबै पुराना स्वार्थीपनलाई हेर्नुहोस्, जुन तरिकामा तपाई आफ्नी श्रीमतीसँग बोल्दै हुनुहुन्थ्यो, जुन तरिकामा तपाई आफ्नो श्रीमानसँग बोल्दै हुनुहुन्थ्यो, जुन तरिकामा तपाई आफ्नो छिमेकीसँग बोल्दै हुनुहुन्थ्यो, जुन तरिकामा तपाईले मण्डलीका मानिसहरुको बारेमा कुरा गर्नुभयो, यसलाई आज बिहान वेदीमा राखिदिनुहोस्, अनि परमेश्वरको आगो तल आउनेछ र यसलाई दूर लानेछ, र दिव्य प्रेम यसको ठाउँमा जल्नेछ।

163 तपाईलाई रोग लागेको छ? यसलाई वेदीमा राखिदिनुहोस्, भन्नुहोस्, “प्रभु, यो यहाँ छ। ममा शुद्ध आत्मा सृजनुहोस्, ममा चंगाईको शक्ति सृजनुहोस्।” परमेश्वरले के गर्नुहुनेछ सो हेर्नुहोस्। परमेश्वरले यो आज बिहान गर्नुहुनेछ।

164 हाम्रा स्वर्गीय पिता, हामी तपाईको उपस्थितिमा झुक्दछौ, त्यहाँ वेदीमा भएकाहरुको तर्फबाट झुक्दछौ। तपाईको अनुग्रह ती हरेकमा आउन

दिनुहोस्, पिता। अब जसै तिनीहरु...प्रभु, मैले तिनीहरुको लागि गर्न सक्दिन। तिनीहरुले आफैले गर्नुपर्दछ। कुनै पनि मानिसले तिनीहरुको निम्ति गर्न सक्दैन। तिनीहरु एक्लैले गर्नुपर्छ। तिनीहरुको प्राणले तिनीहरु आफैमा भनेको होस्, “ओ परमेश्वर, यो रिस, म यहाँ तल राख्दछु, प्रभु। म यसलाई कहिल्यै पनि टिप्नेछैन। चाहे जे सुकै आओस् वा जाओस्, म यसलाई, अब देखि जान दिनेछु। मेरो यो जिब्रो जसले कुरा काट्दा सजिलै पक्ष लिन्छ, प्रभु, म यसलाई यहाँ तल राख्दछु। म यसलाई फेरी पनि कहिल्यै टिप्नेछैन। मेरो जिब्रोलाई पवित्र बनाउनुहोस्, प्रभु। मलाई स्वर्गदूतहरु आउदै गरेको महसूस गर्न दिनुहोस्, जसरी यशैयाले गरेका थिए जब उनले भने, ‘म अशुद्ध ओठको छु। मलाई धिक्कार छ!’” अनि स्वर्गदूत आउँदछ, चिम्टा लियो, र वेदीमा गयो र आगोको कोईलाहरु लिए, र उनको ओठमा राखिदिए र उनलाई शुद्ध बनाए। परमेश्वर, सबै बोल्नेलाई पवित्र पार्नुहोस्, यस बिहानमा, जसले गलत बोल्छ र कलह छर्छ। यसलाई प्रदान गर्नुहोस्, प्रभु।

165 सबै रोगहरु जुन यस भवनमा आज झुकेको छ, रोगी मानिसहरु, यो जानेर कि यी शैतानहरु, पनि हुन्। परमेश्वर, एउटा दासको रूपमा, म तिनीहरुलाई हप्काउछु, येशूको नाममा। तिनीहरु हरेक बिमार मानिसहरुबाट निस्केका होऊन्। र हरेक अशुद्ध व्यक्ति, जसमा अशुद्ध विचारहरु छन्, अश्लिल, वासना, पुरुष र महिलाहरु, समान, परमेश्वर, तिनीहरुबाट यसलाई बाहिर निकालीदिनुहोस्। सबै जना यहाँ जो चुरोट, सानो सामाजिक पिए, र साना पार्टीहरु, र स्वार्थीहरुबाट छुटकारा हुन कोशिष गर्दै छन्; परमेश्वर, पवित्र आत्माले तिनीहरुको हृदय यसरी उत्तेजित पार्नुहोस् कि तिनीहरुमा यी कुराहरुको कत्ति पनि इच्छा नभएको होस्। यसको कुनै कोठा हुनेछैन; त्यहाँबाट उसो, तपाई पवित्र आत्माबाट यति भरिपूर्ण हुनुहुन्छ।

166 परमेश्वर, यो सानो मण्डलीलाई जलिरहेको पोथ्रा बनाउनुहोस्। यसलाई पवित्र आत्माको ठाउँ बनाउनुहोस्, यसलाई जलिरहेको आगो बनाउनुहोस्, ताकी संसारले परमेश्वरको महिमा हेर्नको लागि यता फर्केको होस्। परमेश्वर, यी थोरै मुट्ठीभरका मानिसहरुबाट शुरू गर्नुहोस्, केहि सय यस बिहानमा छन्। प्रदान गर्नुहोस्, प्रभु।

167 हरेक हृदयलाई शुद्ध पार्नुहोस्, हरेक मेथोडिष्ट, हरेक ब्याप्टिष्ट, हरेक

क्याथोलिक, हरेक प्रेस्बिटेरियन, हरेक पेन्टिकोष्टल। प्रभु, तिनीहरुको हृदयबाट यसलाई निकाल्नुहोस्, र त्यसलाई तपाईकहाँ आज आउन दिनुहोस्। यसलाई प्रदान गर्नुहोस्, पिता। म तिनीहरुलाई तपाईमा दिदछु, र तपाईमा सुम्पदछु, येशू ख्रीष्टको नाममा, तिनीहरुको प्राणको शुद्धिकरण र तिनीहरुको शरीरको चंगाईको लागि। आमेन।

168 म अचम्म मान्छु, वेदीमा, के तपाईले आफ्नो बोझ छोड्नुभयो? के तपाईलाई यो त्यहाँ राखिएको जस्तो महसूस हुन्छ? यदि तपाईलाई लाग्छ कि यो त्यहाँ राखिएको छ, तपाई नै न्यायकर्ता हुनुहोस्। तपाई नै हुनुहुन्छ जसले प्रार्थना गर्दै हुनुहुन्छ। मैले प्रचार गर्ने काम गरे। तपाईले प्रार्थना गर्दै हुनुहुन्छ। के तपाईको बोझ त्यहाँ छोडिएको छ, भाई, बहिनी? के तपाईले वास्तवमै त्यहाँ छोड्न सक्नुहुन्छ? यदि तपाईले सक्नुहुन्छ भने, तपाईको हात उठाउनुहोस्, भन्नुहोस्, "हो, परमेश्वर, अब म यहाँ छोड्छु। मेरो भिन्नता, म यसलाई यहाँ वेदीमा छोड्छु।" यसको बारेमा के हो, तल यहाँ वेदीको अन्त्य निर, मेरो दाँया पट्टि, महिला? के तपाईले त्यहाँ छोड्न सक्नुहुन्छ? के तपाईले त्यो पुरानो बोझलाई त्यहाँ छोड्न सक्नुहुन्छ? भन्नुहोस्, "हो, मेरो विश्वासले तपाईलाई हेर्दछ, तपाई कलवरीको थूमा।" अहिले हामी सबैजना सँगै मिलेर गाउँछौं।

मेरो विश्वासले तपाईलाई हेर्दछ,
तपाई कलवरीको थूमा,
ओ दिव्य मुक्तिदाता;
अब मैले प्रार्थना गर्दा सुन्नुहोस्,
मेरा सबै दोषहरु लिनुहोस्,
ओ यस दिन देखि मलाई
पुरा तपाईको हुन दिनुहोस्!

169 हाम्रो खुट्टामा उभिऔ, सच्चा आदरणीय भई, सबैजना। अब ध्यान दिएर सुन्नुहोस्, सबैजनाले अब। कसैले पनि नछोड्नुहोस्। केवल...सेवा सकिएको छैन। म तपाईलाई यो सानो पवित्रता, सानो धार्मिक क्रिया प्राप्त गर्नुभएको चाहन्छु।

जब जीवनको अन्धकारको भूमरीमा म चल्दै थिए,
र मेरो वरिपरी शोक फैलिन्छ,

तपाई मेरो मर्गदर्शक बन्नुहोस्;
बोलि अन्धकार आज बदल्नुहोस्,
दुःखको आँशु पुछी,
र आजको दिन देखि मलाई दिनुहोस्
पुरा तपाईको हुन दिनुहोस्!

अब तपाईको छिमेकीलाई यो नागाउनुहोस्। तपाईको आँखा बन्द गर्नुहोस्, र हामीले परमेश्वर हाम्रो हात उठाउदै गर्दा, बिस्तारै सँगै गाऔं।

जब जीवनको अन्धकारको भूमरीमा म चल्दै थिए,
र मेरो वरिपरी शोक फैलिन्छ,
तपाई मेरो मर्गदर्शक बन्नुहोस्,
बोलि अन्धकार आज बदल्नुहोस्,
दुःखको आँशु पुछी,
न त मलाई कहिल्यै भड्किन दिनुहोस्
तपाईबाट तर्केर।

मेरो माथि एक पिता हुनुहुन्छ,
मेरो माथि एक पिता हुनुहुन्छ,
मेरो माथि एक पिता हुनुहुन्छ,
अर्को किनारमा।

ओ, कुनै उज्यालो दिनमा म जानेछु र उहाँलाई देख्नेछु,
कुनै उज्यालो दिनमा म जानेछु र उहाँलाई देख्नेछु,
कुनै उज्यालो दिनमा म जानेछु र उहाँलाई देख्नेछु,
अर्को किनारमा।

ओ, त्यो उज्यालो दिन भोलि हुन सक्छ,
त्यो उज्यालो दिन भोलि हुन सक्छ,
त्यो उज्यालो दिन भोलि हुन सक्छ,
अर्को किनारमा।

170 अब म सोच्छु, कति जनाको बुवा हुनुहुन्छ अर्को देशमा? तपाईहरुको हात हेरौं। कति जनाको आमा हुनुहुन्छ अर्को देशमा? तपाईहरुको हात हेरौं। कति जनाले एउटा मुक्तिदाता पाउनुभएको छ अर्को देशमा? तपाईहरुको हात हेरौं।

के त्यो खुसीको भेट हुनेछैन!
के त्यो खुसीको भेट हुनेछैन!
के त्यो खुसीको भेट हुनेछैन!
अर्को पट्टि...

171 तपाईले केहि गर्नुभएको म चाहन्छु। अब फेरी हामीले त्यो गाउँदै गर्दा, तपाईले तपाईको छेउमा उभिनुभएको कसैलाई हात मिलाउनुभएको म चाहन्छु, र भन्नुहोस्, “भाई, बहिनी, मेरो लागि प्रार्थना गरिदिनुहोस्, कि म तपाईलाई अर्को भूमिमा भेट्नेछु।” तपाईले साच्चै नठानेसम्म त्यो नगर्नुहोस्। कतिजनाले एकअर्कालाई भेट्न चाहनुहुन्छ? यहाँ भएका सबैलाई पारी त्यहाँ, कतिजनाले भेट्न चाहनुहुन्छ? हामी, हामी पक्कै पनि चाहन्छौ। अब आउनुहोस् एक अर्काको हात मिलाऔ, र भनौ, “म तपाईलाई भेट्न चाहन्छु, भाई। म तपाईलाई अर्को छेउमा भेट्न चाहन्छु।” अब हामीले यो गाउँदै गर्दा, “मैले पारी मेरो एउटा मुक्तिदाता पाएको छु।” ठिक छ।

मैले पारी मेरो एउटा मुक्तिदाता पाएको छु,
मैले पारी मेरो एउटा मुक्तिदाता पाएको छु,
मैले पारी मेरो एउटा मुक्तिदाता पाएको छु,
अर्को किनारमा।

ओ, कुनै उज्यालो दिनमा म जानेछु र उहाँलाई देख्नेछु,
कुनै उज्यालो दिनमा म जानेछु र उहाँलाई देख्नेछु,
कुनै उज्यालो दिनमा म जानेछु र उहाँलाई देख्नेछु,
अ र्को किनारमा।

172 के त्यसले तपाईलाई राम्रो र सन्चो महसूस गराउदैन? (*येशू, मलाई क्रूसको नजिक राख्नुहोस्।*)

येशू, मलाई नजिक राख्नुहोस्...
त्यहाँ एउटा बहुमूल्य मूल छ,
सबैको निम्ति सित्तैमा, एउटा निको पार्ने धारा,
कलवरीको मूलबाट बग्दछ।

अब सबैजनाले आफ्नो हात उठाउनुहोस्।

क्रूसमा, क्रूसमा,
मेरो सदाको महिमा हुनुहोस्;
तबसम्म कि मेरो र्याप्चर भएको प्राणले पाउनेछ
नदीको पारी विश्राम।

क्रूसमा, क्रूसमा,
मेरो सदाको महिमा हुनुहोस्;
तबसम्म कि मेरो र्याप्चर भएको प्राणले पाउनेछ
नदीको पारी विश्राम।

म उहाँलाई प्रेम गर्छु, म उहाँलाई प्रेम गर्छु
किनभने उहाँले पहिले मलाई प्रेम गर्नुभयो
र मेरो मुक्ति किन्नुभयो
कलवरीमा।

परमेश्वरको प्रशंसा होस्!

173 अब शान्त भएर हाम्रो शिरहरु झुकाऔ। र हाम्रो आफ्नै प्रिय तरिकामा, हाम्रो हातहरु उचालेर उहाँको प्रशंसा गरौँ, यसो भन्दै, "धन्यवाद तपाईलाई, प्रभु, मेरो प्राण बचाउनुभएकोमा। तपाईलाई धन्यवाद, प्रभु, मलाई पूर्ण बनाउनुभएकोमा। तपाईलाई धन्यवाद, प्रभु, तपाईले गर्नुभएको सबैकुराको निम्ति, मिठो छुटकारा ल्याउनुभएकोमा, सित्तैको मुक्ति ल्याउनुभएकोमा। तपाईलाई धन्यवाद, प्रभु।"

हामी तपाईलाई यो धन्यवादको भेटी चढाउदछौ। हामी तपाईलाई प्रशंसा गर्छौं किनभने तपाई अति प्रिय हुनुहुन्छ। तपाई उपत्यकाको लिली, विहानीको तारा, शेरोनको गुलाब, सर्वेसर्व हुनहुन्छ। तपाई पिता, पुत्र, पवित्र आत्मा हुनुहुन्छ; उहाँ जो हुनुहुन्थ्यो, हुनुहुन्छ, र हुन आउनुहुनेछ; महान अल्फा, ओमेगा हुनुहुन्छ। तपाई अद्भूत हुनुहुन्छ, शान्तिका राजकुमार, दाऊदको मूल र सन्तान हुनुहुन्छ। तपाई सबै हुनुहुन्छ! र हामी तपाईले धन्यवाद दिन्छौ, प्रभु, तपाई गर्नुभएको सबैकुराको निम्ति। तपाईको वचनको निम्ति हामी तपाईलाई धन्यवाद दिन्छौ, किनकि यो हाम्रो मार्गको निम्ति ज्योति हो। ओ, हामी प्रार्थना गर्छौं, प्रभु, कि तपाईले हामीलाई ज्योतिमा हिडाउनुहुनेछ। प्रदान गर्नुहोस्, पिता। येशू ख्रीष्टको नाममा। आमेन।

ठिक छ। हामी बसिरहेको बेलामा एक मिनेट। (*हामी ज्योतिमा हिड्नेछौ*।)

हामी ज्योतिमा हिड्नेछौ, यति सुन्दर प्रकाश,
आउनुहोस् जहाँ दयाको शीत चम्किलो छ;
दिन र रात हाम्रो वरिपरी चम्किन्छ,
येशू, जो ज्योति हुनुहुन्छ...

174 आउनुहोस्, सन्तगणहरु, यसलाई अहिले गाऔं!

हामी ज्योतिमा हिड्नेछौ (शुद्धता, पवित्रता), यति सुन्दर प्रकाश,
आउनुहोस् जहाँ दयाको शीत चम्किलो छ;
दिन र रात हाम्रो वरिपरी चम्किन्छ,
येशू, जो संसारको ज्योति हुनुहुन्छ।

आउनुहोस्, उहाँलाई तपाईको राजाको रूपमा स्विकार्नुहोस्,
येशू, जो संसारको ज्योति हुनुहुन्छ;
तब स्वर्गको घण्टी बज्नेछ,
येशू, जो संसारको ज्योति हुनुहुन्छ।

सबैजना!

हामी ज्योतिमा हिड्नेछौ (मेरो मार्गको लागि ज्योति), यति सुन्दर प्रकाश,
आउनुहोस् जहाँ दयाको शीत चम्किलो छ;
दिन र रात हाम्रो वरिपरी चम्किन्छ,
येशू, जो संसारको ज्योति हुनुहुन्छ।

175 के यसले तपाईलाई आनन्द महसूस गराउदैन? कतिलाई आनन्द महसूस हुन्छ? केवल अहिले आफ्नो हात उठाउनुहोस्, भन्नुहोस्, "मलाई साच्चै राम्रो महसूस हुन्छ।" पवित्र आत्माले तपाईलाई सबै बाहिर निकाल्नुभयो। तब हामी (के?) ज्योतिमा हिड्छौ। कसैलाई नसुन्नुहोस्... ज्योति के हो? "तपाईको वचन बत्ति हो।" त्यसैले तब:

हामी ज्योतिमा हिड्नेछौ, यति सुन्दर प्रकाश,
आउनुहोस् जहाँ दयाको शीत चम्किलो छ;
दिन र रात हाम्रो वरिपरी चम्किन्छ,
येशू, ज्योति हुनुहुन्छ...

176 अब, के त्यो अद्भूत छैन? हामी बन्द गर्न सक्दैनौ जस्तो देखिन्छ। पवित्र आत्माले हामीलाई पकड्दै हुनुहुन्छ! के तपाईले त्यस तरिकामा महसूस गर्नुहुन्न? केवल त्यस्तो महसूस...?...केवल यो बाहिर आईरहेको जस्तो देखिन्छ।

...सुसमाचार रगतसँग पोखिाहन्छ,
चेलाहरुको रगत जो सत्यको निम्ति मरे,
यो पवित्र आत्माको सुसमाचार रगतसँग पोखिरहन्छ।

पवित्र आत्माको योजनाको लागि मर्ने पहिलो,
बप्तिष्मा दिने यूहन्ना थिए, तर उनी एउटा मानिस जसरी मरे;
तब प्रभु येशू आउनुभयो, तिनीहरुले उहाँलाई क्रूसमा चढाए,
आत्माले मानिसहरुलाई पापबाट बचाउनेछ भनि प्रचार गर्नुभयो।

त्यहाँ पत्रुस र पावल, र यूहन्ना ईश्वरीय छन्,
तिनीहरुले यो सुसमाचार चम्किन सकोस् भनेर आफ्नो जीवन त्यागे;
तिनीहरुले आफ्नो रगत मिसाए, पुरानो अगमवक्ताहरु जस्तै,
ताकी सत्य परमेश्वरको वचन इमानदारीताका साथ बताईन सकोस्।

तब तिनीहरुले स्टेफनलाई ढुङ्गाले हाने, उनले पापको विरुद्ध प्रचार गरे,
उनले तिनीहरुलाई यति क्रोधित बनाए, तिनीहरुले उनको टाउको फुटाए;
तर उनी आत्मामा मरे, उनले आत्मा त्यागे,
र अरुसँग सामेल हुन गए, त्यो जीवन दिने समूह।

यो रगतसँग पोखिरहन्छ, हो, यो रगतसँग पोखिरहन्छ,
यो पवित्र आत्माको सुसमाचार रगतसँग पोखिराहन्छ,
चेलाहरुको रगत जो सत्यको निम्ति मरे,
यो पवित्र आत्माको सुसमाचार रगतसँग पोखिरहन्छ।

सुन्नुहोस्!

त्यहाँ वेदीको मुनि प्राणहरु छन्, जसले पुकार गरिरहेका छन्, "कहिले सम्म?"
परमप्रभुले तिनीहरुलाई दण्ड दिनको लागि जसले गलत गरे;
तर त्यहाँ अझै धेरै हुनेछन् जसले आफ्नो जीवनको रगत दिनेछन्
यस पवित्र आत्माको सुसमाचारको लागि आफ्ना सिन्दुरे बाढीले।

केवल रगतसँग पोखिरहन्छ, (हाल्लेलुयाह!) यो रगतसँग पोखिरहन्छ,

म ती मध्ये एक हुन चाहन्छु।

...पवित्र आत्माको सुसमाचार, यो रगतसँग पोखिरहन्छ,
चेलाहरुको रगत जो सत्यको निम्ति मरे,
यो पवित्र आत्माको सुसमाचार रगतसँग पोखिरहन्छ।

177 म ठिक पुल्पिटबाट जान चाहन्छु। आमेन। ओ, कति अद्भूत! मेरा भाईहरुले आफ्नो जीवनको रगत दिन्छन्। त्यहाँ अझै धेरै हुनेछन् जसले उही गर्नेछ। चिन्तित नहुनुहोस्। यो चाढै नै प्रदर्शनमा आउनेवाला छ। तपाई कि त भित्र जानुहुन्छ कि बाहिर। तिनीहरु सबै अब मण्डलीहरुको परिषदमा सम्बद्ध छन्, र सबै भित्र जाँदैछन्। तिनीहरु सबै सँगै संगठित हुँदै छन्।

र त्यहाँ अझै धेरै हुनेछन् जसले आफ्नो जीवनको रगत दिनेछन्,
यो पवित्र आत्माको सुसमाचार र यसको सफा गर्ने बाढीको लागि।

यो रगतसँग पोखिरहन्छ, हो, यो पोखिरहन्छ...(ओ,
  हाल्लेलुयाह!)
यो पवित्र आत्माको सुसमाचार रगतसँग पोखिरहन्छ,
चेलाहरुको रगत जो सत्यको निम्ति मरे,
यो पवित्र आत्माको सुसमाचार रगतसँग पोखिरहन्छ।

178 प्रभु! मलाई यसो महसूस हुँदैछ कि यर्पिचर ठिक मण्डलीको माथि छ। ओ, यसले मलाई यति असल महसूस गराउछ! सबै पापहरु रगतको मुनि छ। हेर्नुहोस्, पवित्र आत्माले वचन मन पराउछ। वचन नै हो जे पवित्र आत्माले खुवाउदछ, तपाई देख्नुहुन्छ। ओ, प्रभु! यो तल आउँछ र मानिसहरुमा बस्नुहुन्छ, तिनीहरुको पाप धुनुहुन्छ, तिनीहरुको रोग हटाउनुहुन्छ, तिनीहरुको निराशा दूर लानुहुन्छ। अब म नशामा छु, जति सक्दो म नशामा छु, आत्माले मातिएको, मेरो हृदयबाट प्रेम आईरहेको छ। चाहे कसैले कहिल्यै जे सुकै गरून्, यो क्षमा भएको छ। तपाईको कट्टर शत्रु, यो समाप्त भएको छ। कसैले कहिल्यै बोलेको या केहि भनेको छ, यदि म... ठिक छ, म...जुन सबै गएको छ, सबै अब धोईएको छ।

र रगतसँग पोखिरहन्छ, हो, यो रगतसँग पोखिरहन्छ,
यो पवित्र आत्माको सुसमाचार रगतसँग पोखिरहन्छ,
चेलाहरुको रगत जो सत्यको निम्ति मरे,
पवित्र आत्माको सुसमाचार...

ओ, प्रभु! कति अद्भूत!

कति सुन्दर समय हो तपाईको लागि,
कति सुन्दर समय मेरो लागि;
यदि हामी सबै येशू हाम्रो राजालाई भेट्न तयार हुन्छौ
  भने,
कस्तो राम्रो समय हुनेछ।

तपाईको लागि सुन्दर समय,
मेरो लागि एक सुन्दर समय;
यदि हामी सबै येशू हाम्रो राजालाई भेट्न तयार हुन्छौ
  भने,
कस्तो राम्रो समय हुनेछ।

तपाईलाई त्यो मन पर्छ? सबैजना, आउनुहोस्!

ओ, तपाईको लागि सुन्दर समय,
मेरो लागि एक सुन्दर समय;
यदि हामी सबै येशू हाम्रो राजालाई भेट्न तयार हुन्छौ
भने,
कस्तो राम्रो समय हुनेछ।

179 मलाई यो पुरानो–शैलीको जागृति मण्डलीमा छ जस्तो महासूस भएको छ। होइन त? बस पुरानो सफाई, बाहिर निकाल्दै; असल, पुरानो अद्भूत समय। के तपाईलाई असल महसूस हुँदैन? ओ!

म उहाँलाई प्रशंसा गर्नेछु, म उहाँलाई प्रशंसा गर्नेछु,
पापीहरुको लागि मारिएका थूमालाई प्रशंसा;

आउनुहोस् यो अहिले गाऔ, सबैजनाले। तपाईलाई यो थाहा छ? मलाई यो थाहा छ। यहाँ आउनुहोस्; यसलाई अगुवाई गर्न तपाईले मलाई सहायता गर्नुओह्स, भाई नेभिल। र तपाईहरु सबै, अहिले सँगै, केवल हाम्रा हातहरु उठाऔ, यसलाई सँगै गाऔ, अब, अब, यदि तपाई सक्नुहुन्छ भने।

पापीहरुको लागि मारिएका थूमालाई प्रशंसा;
उहाँलाई महिमा दिनुहोस्, तपाई सबै मानिसहरु,
किनकि उहाँको रगतले प्रत्येक दाग धोईएको छ।

180 अब, सबैजना, आउनुहोस्!

म उहाँलाई प्रशंसा गर्नेछु, म उहाँलाई प्रशंसा गर्नेछु,
पापीहरुको लागि मारिएका थूमालाई प्रशंसा;
उहाँलाई महिमा दिनुहोस् तपाई सबै मानिसहरु,
किनकि उहाँको रगतले प्रत्येक दाग धोईएको छ।

आमेन। त्यो अद्भूत छ?

...मोतीमय सेतो शहर,
मसँग एउटा घर छ, एउटा वीणा, र एउटा ताज;
अब म पर्खिरहेको छु, हेर्दै र प्रार्थना गर्दै,
किनकि यूहन्नाले देखेका सेतो शहर तल आउदैछ।

181 आमेन। अद्भूत! ओ! अब हामी आफ्ना खुट्टाहरुमा उभिऔ, सबैजना। म आशा गर्छु तपाई राम्रो महसूस गर्दै हुनुहुन्छ। आजरातीको सेवा याद गर्नुहोस्। म हामी हाम्रो पुरानो समापनको गीत गाउन चाहन्छौ।

येशूको नाउँमा झुक्दछौ,
उनको पाउमा पराजित भई झूकी,
स्वर्गमा राजाहरुका राजा हामी उहाँलाई मुकुट पहिरन्छौ,
जब हाम्रो यात्रा पूरा हुदछ।

ठिक छ। सबैजना अब, सँगै। ठिक छ।

येशूको नाउँमा झुक्दछौ,
उनको पाउमा पराजित भई झूकी,
स्वर्गमा राजाहरुका राजा हामी उहाँलाई मुकुट पहिरन्छौ,
जब हाम्रो यात्रा पूरा हुदछ।

अनमोल नाम, (अनमोल नाम!) ओ कति मिठो! (ओ कति मिठो!)
पृथ्वीको आशा र स्वर्गको आनन्द;
अनमोल नाम, (अनमोल नाम!) ओ कति मिठो! (ओ कति मिठो!)
पृथ्वीको आशा र स्वर्गको आनन्द।

182 कति सुन्दरी बिहानी! कति अद्भूत समय! आउनुहोस् हाम्रो शिरहरु एक क्षणको लागि झुकाऔ। सबैजनाले ठिक सिधा ख्रीष्टअली हेर्नुहोस् अब, तपाईको मुक्तिदाता। शान्त तरिकाले, म तपाईले उहाँलाई धन्यवाद र प्रशंसा दिनुभएको चाहन्छु। भन्नुहोस्, "प्रभु, मेरो प्राणलाई पवित्र पार्नुभएकोमा म तपाईलाई धेरै धन्यवाद दिदछु। तपाईले मेरो निम्ति गर्नुभएको सबै कामको निम्ति धेरै धन्यवाद दिदछु। तपाईको आत्मा दिनभएको ममाथि हुन दिनुहोस्, प्रभु। मलाई अगुवाई गर्नुहोस्। माइ मार्गदर्शन गर्नुहोस्। मलाई आशिष दिनुहोस्।" परमेश्वरले तपाईलाई त्यो आशिष प्रदान गर्नुभएको होस्, यहि मेरो प्रार्थना छ।

अब हामीले हाम्रो शिर झुकाईरहदा, भाई नेभिल, तपाईले हामीलाई प्रार्थनाको वचनले समापन गर्नुहोस्।

*भरमाउने आत्माहरु* NEP55-0724

(Enticing Spirits)

**प्रेतात्माशास्त्र श्रृंखला**

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा आईतबार बिहान, जुलाई २४, १९५५, ब्रन्हाम टेबरनेकल जेफरसनभिल, इन्डियाना, यु.एस.ए., मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट–छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2023 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.


For more information or for other available material, please contact:


VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org